नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

(.......................................शाखा)

पत्र संख्या :
चलानी नं. :

सिंहदरबार, काठमाडौं
नेपाल।

मितिः२०८२/०४/१६

## प्रेस विज्ञप्ति

आ. व. २०८१/०८२ को बार्षिक कार्यक्रम अनुसार "सांस्कृतिक कार्यक्रममा युवाहरुको सहभागिता अनुसन्धान" कार्यक्रमको लागि यस मन्त्रालय र सांस्कृतिक संस्थान बीच मिति २०८१।०२।०७ मा सम्झौता भई सांस्कृतिक सांस्कृतिक संस्थानबाट अनुसन्धान भएको प्रतिवेदनलाई यस मन्त्रालयको वेभसाइटमा प्रकाशन गर्ने २०८२।०३।१७ को निर्णय बमोजिम सबैको जानकारीको लागि प्रकाशन गरिएको छ । साथै यस अनुसन्धानमूलक प्रतिवेदन अध्ययन गरी सांस्कृतिक कार्यक्रममा युवाहरुको सहभागिताबाट राष्ट्रको समग्र सांस्कृतिक पक्षलाई जगेर्ना गरी सबल तुल्याउन देश विदेशबाट सबैको तर्फबाट पृष्ठपोषण प्रदान गरी सहयोग प्राप्त हुने अपेक्षा मन्त्रालयले लिएको छ ।

२०८२।४।१६

(सुवासचन्द्र शिवाकोटी)
प्रवक्ता एवं सहसचिव

सह-सचिव

फोन नं.:-४२००५४२ (प्रशासन), ४२००५५३ (योजना), ४२००५४५ (युवा), ४२००५५० (खेलकुद), ४२००५४३ (आ.प्र.)
फ्याक्स नं.:- ४२०००३२, इमेलः info@moys.gov.np वेभसाइटः www.moys.gov.np

# सांस्कृतिक कार्यक्रममा युवाहरूको सहभागिता

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
युवा उद्यमशीलता, विकास तथा लगानी प्रवर्धन शाखा
सिंहदरवार, काठमाडौं




<u>प्रस्तुतकर्ता</u>

सांस्कृतिक संस्थान
जमल, काठमाडौं

२०८२

विषय सूची

कार्यकारी सारांश ........ ३

खण्ड क ........ ५

परिचय ........ ५

१.१. पृष्ठभूमि ........ ५

१.२. अनुसन्धानको उद्देश्य ........ ५

१.३. अनुसन्धानका प्रश्नहरू ........ ६

१.४. अनुसन्धान विधि ........ ६

१.५. अनुसन्धानको सीमा ........ ८

खण्ड ख ........ ९

पुर्व अध्ययनको समीक्षा ........ ९

२. सैद्धान्तिक पृष्ठभूमि तथा अध्ययनको समीक्षा ........ ९

खण्ड ग ........ ११

तथ्यांकको प्रस्तुतिकरण तथा विश्लेषण ........ ११

३.१. सांस्कृतिक कार्यक्रममा युवा सहभागिताको अवस्था र रूची ........ ११

३.२. संस्कृतिको संरक्षण र प्रवर्धनमा युवाको योगदान र भूमिका ........ १४

३.३. सांस्कृतिक कार्यक्रम र युवा सहभागितामा प्रेरणा ........ १८

३.३.१. सांस्कृतिक कार्यक्रम सहभागितामा प्रभाव पार्ने तत्वहरू ........ १९

३.३.२. सांस्कृतिक कार्यक्रम सहभागितामा हुने अवरोधहरू ........ २१

३.४. संस्कृतिको संरक्षणमा युवा आकर्षण ........ २२

३.४.१. संस्थागत कार्यक्रमहरूले गर्ने आकर्षणको स्तर ........ २४

३.४.२. युवा सहभागिता बढाउने नीति र कार्यक्रम ........ २५

३.५. संस्कृतिमा आधारित उद्यमशीलता र युवाको सम्भावित योगदान ........ २७

३.५.१. संस्कृतिको संरक्षणले युवा उद्यमशीलताको अवसर ........ २८

३.५.२. संस्कृतिको संरक्षणले युवा उद्यमशीलताको अवसर ........ २९



सांस्कृतिक संस्थान २०२२

खण्ड घ ........ ३२

निष्कर्ष तथा सिफारिसहरू ........ ३२

४.१. अनुसन्धानको निष्कर्ष ........ ३२

४.२. सुझावहरू ........ ३३

४.२.१. शैक्षिक समावेशीकरण ........ ३३

४.२.२. क्षमता विकास र तालिम ........ ३३

४.२.३. स्थानीय सरकारको भूमिका ........ ३३

४.२.४. उद्यमशीलता र रोजगारी ........ ३४

४.२.५. प्रचारप्रसार र सामाजिक सञ्जाल ........ ३४

४.२.६. नीति निर्माण र कानुनी संरचना ........ ३४

सन्दर्भ सामग्रीहरू ........ ३५

अनुसूचीहरू ........ ३६



सांस्कृतिक संस्थान २०२२

# कार्यकारी सारांश


नेपाल बहुसांस्कृतिक, बहुभाषिक र बहुधार्मिक समाज हो, जहाँ प्रत्येक समुदायको विशिष्ट सांस्कृतिक धरोहर विद्यमान छ । पछिल्लो समय प्रविधिको विकास, पश्चिमी प्रभाव र सामाजिक सञ्जालको वर्चस्वका कारण युवाहरूको मौलिक संस्कृति प्रतिको रुचिमा ह्रास आएको देखिन्छ । अबका युवाहरूलाई सांस्कृतिक कार्यक्रममा सहभागी बनाउदै उनीहरूको कला र संस्कृतिलाई उद्यमसँग जोड्दै लैजान आवश्यक छ भन्ने महसुस भएको छ । सोही उद्देश्यका साथ युवा तथा खेलकुद मन्त्रालयको चालु आ.व. २०८१/८२ अन्तर्गत "मौलिक सांस्कृतिक कार्यक्रममा युवाको सहभागिता" विषयमा लघु अनुसन्धान गरेको हो । यस अनुसन्धानको उद्देश्य युवाहरूको सांस्कृतिक कार्यक्रममा सहभागिता, योगदान, प्रेरक तथा बाधक तत्वहरू पहिचान गरी उद्यमशीलता विकास गर्न नीतिगत सिफारिसहरू प्रस्तुत गर्नु हो ।

अनुसन्धानमा गुणात्मक विधि प्रयोग गरिएको छ । जसअन्तर्गत संरचित प्रश्नावलीको माध्यमबाट काठमाडौं उपत्यकासहित सातवटै प्रदेशबाट १६-४० वर्ष उमेर समूहका सहभागीहरूसँग तथ्यांक संकलन गरिएको छ । व्यक्तिगत अन्तर्वार्ता र समूह विचारमार्फत प्राप्त अभिव्यक्तिहरूको विषयगत विश्लेषण गरिएका छन् । अध्ययनमा सामाजिक समावेशिता, लैङ्गिक सन्तुलन तथा भौगोलिक विविधतालाई ध्यान दिइएको छ ।

अनुसन्धानबाट प्राप्त निष्कर्षहरूमा अधिकांश युवाहरू सांस्कृतिक कार्यक्रममा नियमित सहभागिता जनाइरहेको, स्वयंसेवक, आयोजक, प्रचारक र रचनात्मक भूमिकामा अग्रसर रहेको पाइएको छ । सांस्कृतिक संरक्षणलाई उनीहरूले उद्यमशीलताको सम्भावना रूपमा हेरेका छन्'जसमा होमस्टे, परम्परागत खाना, वाद्ययन्त्र निर्माण, हस्तकला आदिको व्यवसायिक प्रयोग उल्लेख्य देखिएको छ । तर आवश्यक स्रोत, संरचना, तालिम र संस्थागत समर्थनको अभावले उनीहरूको सहभागिता र योगदानलाई सिमित बनाएको देखिन्छ ।

अनुसन्धानले शिक्षा प्रणालीमा सांस्कृतिक विषय समावेश, सीप विकास तालिम, स्थानीय सरकारको सक्रियता, प्रचारप्रसारको सशक्तिकरण, उद्यमशीलता प्रवर्द्धन र नीतिगत सुधारलाई प्रमुख सुधारको विषयका रूपमा प्रस्तुत गरेको छ । संस्कृति प्रतिको युवाको लगावलाई दीर्घकालीन रूपमा संस्थागत गर्न सहुलियत ऋण, रोजगारी कार्यक्रम र डिजिटल प्रविधिको उपयोग अपरिहार्य देखिन्छ ।

यस अनुसन्धानले राष्ट्रिय संस्कृति नीति, २०८१ को कार्यान्वयनमा युवा सहभागिता सशक्त बनाउने दिशामा मार्गनिर्देशन दिन सक्छ । संस्कृति केवल पहिचानको विषय होइन, यो सामाजिक—आर्थिक रूपान्तरणको आधार पनि बन्नसक्ने स्पष्ट संकेत यस अध्ययनले दिएको छ । उनीहरूमा आत्मस्फूर्त अभिरूची त छ तर संस्थागत सहयोगको कमि छ । सांस्कृतिक कार्यक्रमलाई आर्थिक स्रोतसँग जोड्दा मात्र दीर्घकालीन लाभ लिन सकिन्छ । युवाहरूको उद्यमशीलता, स्वरोजगार र नयाँ व्यवसायको विकास गर्न संस्कृति एउटा गतिशील आधार हुन सक्छ ।

## खण्ड क

## परिचय

### १.१. पृष्ठभूमि

संस्कृतिले समाजको मौलिकता, पहिचान र इतिहास बोकेको हुन्छ । सांस्कृतिक कार्यक्रमहरूमार्फत संस्कृति जीवन्त हुन्छ । नेपालजस्तो बहुसांस्कृतिक देशमा युवाहरूको सक्रिय सहभागिता संस्कृतिको संरक्षण, प्रवर्द्धन तथा हस्तान्तरणको आधारशिला हो ।

वहुजातीय, बहुभाषिक र बहुधार्मिक देश नेपालका हरेक समुदायको छुट्टाछुट्टै सांस्कृतिक धरोहर छ । पछिल्लो समयमा पश्चिमीकरण, प्रविधिको प्रभाव र सामाजिक सञ्जालको बढ्दो उपयोगले युवाहरूको सांस्कृतिक रूचीमा ह्रास आएको देखिन्छ । यस्तो परिस्थितिमा युवाहरूको मौलिक सांस्कृतिक कार्यक्रममा सहभागिता के कस्तो छ, कति सक्रिय छन्, र त्यसमा असर पार्ने कारणहरू के हुन् भन्ने बुझ्न सबैभन्दा महत्त्वपूर्ण पक्ष हो ।

सोही मर्मलाई आत्मसात गर्दै युवा तथा खेलकुद मन्त्रालयको चालु आ.व. २०८१/८२ को स्वीकृत कार्यक्रम अन्तर्गत सांस्कृतिक कार्यक्रममा युवाको सहभागिता अनुसन्धान कार्यक्रम तय गरिएको हो । नेपाल सरकारले राष्ट्रिय संस्कृति नीति, २०६७ प्रतिस्थापन गरी राष्ट्रिय संस्कृति नीति २०८१ को मस्यौदा तयार गरिसकेको अवस्था छ । नीतिको सफल कार्यान्यवनका लागि संस्कृतिको संरक्षण गर्ने काममा युवाहरूको चासो बुझ्नु अति नै जरूरी हुन्छ । सांस्कृतिक संरक्षण, सम्बर्द्धन र विकासमा युवाको भूमिका महत्वपूर्ण मानिन्छ । त्यसैले, सांस्कृतिक कार्यक्रममा युवाको सहभागिताको अवस्थाको बारेमा विस्तृत जानकारी लिन युवाहरूको सांस्कृतिक कार्यक्रममा सहभागिता अनुसन्धान गर्न यो लघु अनुसन्धान गरिएको छ ।

### १.२. अनुसन्धानको उद्देश्य

यस अनुसन्धानको उद्देश्य निम्नानुसार रहेका छन्ः



सांस्कृतिक संस्थान २०२२

१) मौलिक सांस्कृतिक कार्यक्रममा युवाको सहभागिताको अवस्था यकिन गर्नु ।

२) संस्कृतिको संरक्षण तथा सम्बर्द्धनमा युवाले पुर्याएको योगदानको जानकारी लिने ।

३) सांस्कृतिक कार्यक्रममा युवाहरूको सहभागितालाई प्रभाव पार्ने तत्वहरूको पहिचान गर्ने।

४) मौलिक संस्कृतितर्फ युवाहरूलाई आकर्षित गर्न अवलम्बन गर्नु पर्ने नीति तथा कार्यक्रमको वारे पृष्ठपोषण प्राप्त गर्ने ।

५) सांस्कृतिक संरक्षण र सम्बर्द्धन मार्फत उद्यमशीलता प्रवर्द्धनको योजना भए नभएको यकिन गर्ने ।

## १.३. अनुसन्धानका प्रश्नहरू

यस अनुसन्धानका लागि तय गरिएका उद्देश्य अनुरूप निम्नानुसारका प्रश्नहरू निर्माण गरी तिनको उत्तर खोज्ने प्रयास गरिएको छः

१) हालका मौलिक सांस्कृतिक कार्यक्रममा युवाहरूको सहभागिता कस्तो छ?

२) युवाहरूले मौलिक संस्कृतिको संरक्षणमा के—कस्ता प्रयासहरू गरिरहेका छन्?

३) युवाहरूको सांस्कृतिक कार्यक्रममा सहभागितामा सबैभन्दा बढी प्रभाव पार्ने सामाजिक, आर्थिक, शैक्षिक वा पारिवारिक तत्वहरू के के हुन्?

४) युवाहरूको नजरमा कसरी कार्यक्रमहरू अझ प्रभावकारी बनाई उनीहरूलाई आकर्षण गर्न सकिन्छ?

५) के सांस्कृतिक कार्यक्रमहरूबाट युवाहरूले उद्यमशीलता विकास गर्न पाएका छन्?

यिनै मूल प्रश्नका आधारमा थप सहायक प्रश्नहरू समेत तयार गरी सहभागीहरूसँग जवाफ लिइएको छ ।

## १.४. अनुसन्धान विधि

यो अनुसन्धान गुणात्मक विधिमा आधारित भएर गरिएको छ । गुणात्मक अनुसन्धान वर्णनात्मक तथा व्याख्यात्मक प्रकृतिको हुन्छ । यसले सहभागीहरूका अनुभव र बुझाइहरूको माध्यमबाट अनुसन्धान विषयलाई गहन विश्लेषण गर्न मद्दत गर्छ । अध्ययनको विषयसँग



सांस्कृतिक संस्थान २०२२

सम्बन्धित अनुभव, दृष्टिकोण र सामाजिक सन्दर्भको गहिरो विश्लेषण गर्नका लागि गुणात्मक विधि उपयुक्त विधि हो । प्राथमिक तथ्यांक संकलनका लागि संरचित प्रश्नावली विधि प्रयोग गरिएको छ । निर्धारित प्रश्नावलीका आधारमा सम्पन्न गरिने यस तथ्यांक संकलन विधिले सहभागीको स्वतन्त्र अभिव्यक्ति सुनिश्चित गर्दछ ।

यस अनुसन्धानका लागि १६ देखि ४० वर्ष उमेर समूहका २३ जना सहभागीहरू छनोट गरिएको छ । सहभागीलाई केही व्यक्तिगत रुपमा र केही सामुहिक रूपमा गरी संरचित प्रश्नावलीमार्फत उत्तर लिने कार्य गरिएको छ । जसमा २० जना व्यक्तिहरूलाई व्यक्तिगत र ३ वटा समूह केन्द्रित छलफल गरी प्रनावाली अनुरूप नै अनुसन्धानको लागि तथ्यांक संकलन गरिएको छ ।

सहभागीहरूमध्ये जनजाती १३, ब्राह्मण ७, दलित २, मधेशी १ गरी कुल २३ जना छन् जसमा ९ जना महिला र १४ जना पुरूष युवाहरू रहेका छन् । यस अनुसन्धानको लैङ्गिक सहभागितामा महिलाको प्रतिनिधत्व झन्डै ४० प्रतिशत र युवाको ६० प्रतिशत प्रतिनिधित्व रहेको छ । यसै गरी जातजातीगत प्रतिनिधित्वको प्रतिशत अनुसूचीमा समावेश गरिएको छ ।

मौलिक कला संस्कृतिको हिसाबले काठमाडौं उपत्यका निकै महत्त्वपूर्ण भएतापनि सातैवटा प्रदेशको प्रतिनिधित्व सुनिश्चित गरी स्थलगत अनुसन्धान गरिएको छ । काठमाडौं उपत्यका सहित देशभरीका परम्परागत र मौलिक खालका सांस्कृतिक कार्यक्रमहरूमा सम्बद्ध कलाकारहरू, दर्शक र समीक्षकसमेतलाई यस अनुसन्धानमा समावेश गरिएको छ । त्यस्तै, सहभागी छनोट गर्दा सामाजिक समावेशिता र लैङ्गिक अनुपातलाई समेत ध्यान दिइएको छ ।

सङ्कलित तथ्यांकलाई विषयगत विश्लेषणको माध्यमबाट विश्लेषण गरिएको छ । प्रश्नावलीबाट प्राप्त अभिव्यक्तिहरूलाई कोडिङ (coding) गरी प्रमुख विषयहरू निकालिएका छन् । विषयगत विश्लेषण गरी सोही अनुरूप निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । तथ्यांक विश्लेषणका साथै चित्रगत प्रस्तुति, बार ग्राफ आदि विधि अपनाइएको छ । यस लघु अनुसन्धान प्रतिवेदनमा तथ्यांक संकलनको क्रममा स्थलगत भ्रमण र अन्तरक्रिया गर्दा लिइएका फोटोहरू, अनुसन्धानका लागि प्रयोग गरिएको प्रश्नावली, सहभागीहरूको विवरण लगायतका विषय अनुसूचीमा समेटिएको छ ।



सांस्कृतिक संस्थान २०२२

## १.५. अनुसन्धानको सीमा

यस लघु अनुसन्धान छोटो समय, सिमित वित्तीय सहयोग, निश्चित स्थान र निर्धारित उद्देश्यका लागि गरिएको कारण यसबाट प्राप्त निष्कर्षहरूले कला र संस्कृतिका सबै पक्ष र क्षेत्रहरू समेट्न सकेको छैन ।

# खण्ड ख
# पुर्व अध्ययनको समीक्षा

## २. सैद्धान्तिक पृष्ठभूमि तथा अध्ययनको समीक्षा

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक देश हो । यहाँका जातजाति, समुदाय, क्षेत्रीय समूहहरूले आ-आफ्नो मौलिक भाषा, भेषभूषा, नाचगान, गीत, परम्परा र पर्वहरूमार्फत सांस्कृतिक धरोहरलाई जीवित राखेका छन् । तर पछि दशकहरूमा विशेषतः सहरिया युवापुस्तामा सांस्कृतिक कार्यक्रममा सक्रिय सहभागिता घट्दै गएको अनुभव गर्नसकिन्छ ।

युवाहरू राष्ट्रको भविष्य मात्र होइन, संस्कृतिको संवाहक र संरक्षक पनि हुन् । यद्यपि, तीमध्ये धेरैजसो युवाहरू आधुनिकता, पाश्चात्य प्रभाव, प्रविधि, ग्लोबल संस्कृतिप्रति आकर्षित हुँदै जाँदा आफ्नै मौलिक संस्कृतिप्रति विमुख हुँदै गएका देखिन्छन् । यस्ता प्रवृत्तिका बीचमा पनि केहि युवाहरूले मौलिक संस्कृति जगेर्ना र प्रस्तुतिमा सराहनीय योगदान दिँदै आएका छन् ।

सांस्कृतिक सहभागिता र संरक्षणका सवालमा विभिन्न विद्वान्हरूले महत्वपूर्ण धारणा दिएका छन् । युनेस्को (२००९) का अनुसार, "Culture is both an enabler and a driver of development" भनिएको छ । यसबाट बुझिन्छ कि सांस्कृतिक चेतना विकासको आधार हो र विकास प्रक्रियामा संस्कृति स्वयं एउटा उत्प्रेरकका रूपमा क्रियाशील हुन्छ । विशेषगरी युवाहरूमा चेतना निर्माण, सामाजिक समावेशिता, पहिचान र सिर्जनशीलताको विकासमा सांस्कृतिक सहभागिता निर्णायक भूमिका खेल्छ ।

नेपालमा विभिन्न जातजातिका मौलिक संस्कृतिहरू छन्, तर युवाहरूलाई त्यसप्रति आकर्षित गर्न नीतिगत पहल कम देखिन्छ । नेपालको सांस्कृतिक नीतिमा स्पष्ट उल्लेख गरिएको छ कि संस्कृतिको विकास तथा संरक्षणको लागि युवाको सक्रिय सहभागिता अपरिहार्य छ (Ministry of Culture, Tourism and Civil Aviation, 2010). यस्तै शिक्षा प्रणालीमा संस्कृति विषयको अभावले युवामा चेतनाको कमी भएको पाइन्छ (Koirala, २०१८) । विद्यालय तहदेखि संस्कृतिको महत्व बुझाउने पाठ्यक्रम नहुँदा युवाहरू अज्ञान र विमुख हुने प्रवृत्ति देखिन्छ ।



सांस्कृतिक संस्थान २०२१

स्थानीय तहमा सांस्कृतिक कार्यक्रमहरू आयोजन हुने भए तापनि पर्याप्त बजेट अभाव, तालिम अभाव, र संस्थागत समन्वयको कमीले युवालाई आकर्षण गर्न सकेको छैन (Gurung, २०२०) । युवाहरूलाई मौलिक कला, नृत्य, भाषा, वाद्ययन्त्र, भेषभूषालाई आधार बनाएर उद्यमशीलताको अवसर निर्माण गर्न सकिन्छ भन्ने दृष्टिकोणलाई 'सांस्कृतिक उद्यमशीलता' भनिन्छ (Adhikari, २०२१) । तर यसका लागि नीतिगत सहयोग र आर्थिक लगानी जरुरी छ । एकातर्फ सामाजिक सञ्जालले मौलिक सांस्कृतिक प्रस्तुतिहरू प्रचार गर्न सक्ने प्लेटफर्म दिएको छ, अर्कोतर्फ यसै माध्यममार्फत पश्चिमी संस्कृति र मनोरञ्जनले युवालाई विचलित पनि पारेको छ (Thapa, २०१७) । यही विषम परिस्थितिबाट नेपालको संस्कृतिको संरक्षण र जगेर्ना गर्ने कार्यमा युवाको सहभागिता अभिवृद्धि गर्नु चुनौतीपूर्ण छ । युवा सहभागिता बढाउने प्रभावकारी माध्यमहरूमध्ये सांस्कृतिक क्रियाकलापलाई उद्यम र आय-आम्दानीसँग जोड्नु पनि एक हो ।

## खण्ड ग

# तथ्यांकको प्रस्तुतिकरण तथा विश्लेषण

यस खण्डमा अनुसन्धानमा उल्लेखित विधि अनुरूप संकलन गरिएका तथ्यांकहरूको चित्रात्मक र तालिकाबद्ध प्रस्तुति गरिएको छ । तथ्यांकलाई प्रस्तुत गर्नु अगाडी विषयगत रुपमा विभाजन (coding) गरी विभिन्न शीर्षक र उपशीर्षकमा व्याख्या गरिएको छ । यसरी प्रस्तुत तथ्यांकको विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

## ३.१. सांस्कृतिक कार्यक्रममा युवा सहभागिताको अवस्था र रूची

मौलिक सांस्कृतिक कार्यक्रमहरूमा युवाहरूको सहभागितालाई बुझ्न र उनिहरूको त्यसप्रतिको रुचीलाई हेर्नका लागि तपाईंले पछिल्लो एक वर्षमा मौलिक सांस्कृतिक कार्यक्रममा कति पटक सहभागी हुनुभएको छ? भन्ने प्रश्नमार्फत सहभागीबाट जवाफ खोजिएको थियो । त्यसको जवाफमा भएको छैन, १–२ पटक, ३–५ पटक र ६ भन्दा धेरै पटक गरी चारवटा समूहमा उत्तर मागिएको थियो ।

*चित्र १: एक वर्षको अवधिमा मौलिक सांस्कृतिक कार्यक्रमहरूमा युवाहरूको सहभागिता*




स्रोतः प्रश्नावली सर्वेक्षण, २०८२

सो अनुसार ६ भन्दा धेरै पटक सहभागी हुने सबैभन्दा धेरै ६५.२२ प्रतिशत सहभागी छन् । यसबाट बुझ्न सकिन्छ कि अधिकांश सहभागीहरूले पछिल्लो एक वर्षमा ६ भन्दा धेरै पटक मौलिक सांस्कृतिक कार्यक्रममा सहभागिता जनाएका छन् । यस्तै १३/१३ प्रतिशत सहभागीहरू मात्र १-२ पटक वा ३-५ पटक सहभागी भएका छन्, र झन्डै ९ प्रतिशत जतिले मात्र कुनै सहभागिता नभएको बताएका छन् । यसले देखाउँछ कि मौलिक सांस्कृतिक कार्यक्रममा सहभागीहरूको सक्रियता उच्च छ र निरन्तर सहभागिता जनाउने प्रवृत्ति बलियो छ ।

यसैगरी तपाईं मौलिक सांस्कृतिक कार्यक्रममा सक्रिय रूपमा सहभागी हुन कति इच्छुक हुनुहुन्छ? भन्ने प्रश्न मार्फत उनीहरूको सहभागितामा सक्रियता र चाहना कति छ, त्यो खोज्ने प्रयास गरिएको थियो । जसमा बिल्कुल असहमत, असहमत, तटस्थ, सहमत र पूर्ण सहमत गरी पाँच तहमा प्रतिक्रिया मागिएकोमा निम्नानुसार उत्तर प्राप्त भएको थियो ।

*चित्र २: मौलिक सांस्कृतिक कार्यक्रममा सक्रिय रूपमा सहभागी हुने चाहना*




स्रोतः प्रश्नावली सर्वेक्षण, २०८२

"पूर्ण सहमत" मा सबैभन्दा धेरै करिब ७४ प्रतिशत प्रतिक्रिया आएका छन् । मौलिक सांस्कृतिक कार्यक्रममा सक्रिय रूपमा सहभागी हुन "सहमत" मात्र हुनेमा करिब २२ प्रतिशत युवाहरू रहेका छन् । "असहमत" र "बिल्कुल असहमत" मा कुनै प्रतिक्रिया छैन । यसको

अर्थ, अधिकांश सहभागीहरू मौलिक सांस्कृतिक कार्यक्रममा सक्रिय रूपमा सहभागी हुन अत्यन्त इच्छुक छन् । थोरै सहभागीहरू तटस्थ वा सामान्य सहमत छन् । यसले देखाउँछ कि युवाहरू वा सहभागीहरूको ठूलो बहुमत मौलिक सांस्कृतिक कार्यक्रममा सहभागिता जनाउन सकारात्मक र उत्साहित छन् ।

युवाको सांस्कृतिक कार्यक्रममा सहभागी हुने चाहना देखिएता पनि अझ थप सहभागिता बढाउन के गर्न सकिन्छ भनेर समेत उनीहरूको विचार बुझ्ने प्रयास गरिएको थियो । यस भावनालाई समेट्न तपाईंको दृष्टिमा सांस्कृतिक कार्यक्रममा युवाहरूको सहभागिता बढाउन के गर्नुपर्ला? भन्ने प्रश्न सोधिएको थियो ।

युवाहरूबाट प्रस्तुत विचारमा आधारित भएर सांस्कृतिक कार्यक्रममा युवाहरूको सहभागिता बढाउनका लागि गर्नुपर्ने कामका लागि सबैभन्दा धेरै प्रतिक्रिया आएका पक्षहरूलाई यहाँ विश्लेषण गरिएको छ ।

जनचेतना अभिवृद्धि र शिक्षा, प्रशिक्षण तथा क्षमता विकास, प्रोत्साहन, सम्मान र पारिश्रमिकको व्यवस्था, युवाको नेतृत्व र सक्रिय सहभागिता, सरकारी तथा संस्थागत सहकार्य र संरचनागत सुधार जस्ता विषय मूल रूपमा उठाइएको देखिन्छ ।

विद्यालय, कलेज तथा समुदाय स्तरमा सांस्कृतिक कार्यक्रमको प्रचार-प्रसार, संस्कृतिको महत्वबारे ज्ञान प्रदान, विज्ञहरूसँग छलफल तथा कक्षा सञ्चालन, र अभिभावक-शिक्षकको सहकार्य जस्ता उपायहरूले युवामा मौलिक संस्कृतिप्रति आकर्षण बढाउन सकिन्छ । यसका साथै, सांस्कृतिक कार्यक्रमका विविध पक्ष (लोकगीत, लोकवाद्य, लोकनृत्य, आदि) सम्बन्धी प्रशिक्षण, विभिन्न जातजातिका संस्कृतिको आदान-प्रदान, र ऐतिहासिक पुस्तान्तरण विधिलाई सुदृढ पार्नुपर्ने आवश्यकता देखिन्छ ।

त्यस्तै, युवालाई प्रत्यक्ष सहभागी गराउन प्रोत्साहन र सहजीकरण अपरिहार्य छ । यसका लागि राम्रो प्रशिक्षकको व्यवस्था, नेतृत्वदायी भूमिका दिने, पुरस्कार तथा सम्मानको व्यवस्था, र कार्यक्रमपछि उचित पारिश्रमिक तथा मासिक आयको सुनिश्चितता जस्ता उपायहरू उल्लेखनीय छन् । युवाहरूको रूची अनुसार कार्यक्रम आयोजना, स्थानीय प्रतिभाको खोजी र प्रोत्साहन, तथा कार्यक्रमको स्तरवृद्धि गरी आर्थिक, सामाजिक र प्राविधिक पक्षमा समेत वृद्धि गर्नुपर्ने



सांस्कृतिक संस्थान २०२२

देखिन्छ । साथै, सांस्कृतिक क्षेत्रमा लागेका युवालाई रोजगारीको अवसर, आत्मनिर्भरता, र व्यवसायिकरणको सम्भावना समेत उजागर गर्नुपर्छ ।

सरकारी तथा गैरसरकारी निकायहरूको सक्रियता र सहकार्य समेत उत्तिकै आवश्यक छ । निजी तथा सरकारी तहबाट विभिन्न कार्यक्रम आयोजना, संघीय इकाईहरूबीच समन्वय, स्थानिय निकायको सक्रिय सहभागिता, र आवश्यक कानुनी प्रवन्ध जस्ता उपायले संरचनागत रूपमा युवालाई आकर्षित गर्न सकिन्छ । साथै, संस्कृति संरक्षणका लागि राज्यको लगानी, अनुसन्धान, प्रचार-प्रसार, र मिडिया तर्फको आकर्षणले दीर्घकालीन प्रभाव पार्न सक्छ । संस्कृति सम्बन्धी कार्यक्रमलाई सरकारी प्राथमिकता, कदर तथा सम्मान कार्यक्रम, र भविष्यका लागि स्थायी स्रोतको व्यवस्था पनि महत्वपूर्ण छन् ।

यससँगै सांस्कृतिक क्षेत्रमा युवाको सहभागिता बढाउन सरल प्रक्रिया, पारदर्शिता, युवामुखी कार्यक्रमको वृद्धि, तथा सामाजिक सञ्जाल र पर्यटकिय प्रचार जस्ता उपायहरू समेत सशक्त देखिन्छन् । नयाँ पुस्तालाई विभिन्न तालिम, अवसर, र ज्ञान प्रदान गर्दै, मौलिक संस्कृतिको संरक्षण, खोज, अनुसन्धान, तथा पुस्तान्तरणमा जोड दिनु आवश्यक छ । यसरी विविध पक्षलाई समेटेर, युवाहरूको सक्रिय सहभागिता, नेतृत्व, र सशक्तिकरणमार्फत सांस्कृतिक कार्यक्रमलाई समृद्ध बनाउन सकिन्छ ।

## ३.२. संस्कृतिको संरक्षण र प्रवर्धनमा युवाको योगदान र भूमिका

संस्कृतिको संरक्षण र प्रवर्धनमा युवाको योगदान र भूमिकालाई विश्लेषण गरी आगामी दिनमा मौलिक संस्कृतिको संरक्षण र प्रवर्धन गर्न युवाको उल्लेखनीय योगदान र भूमिकालाई प्रभावकारी बनाउनु जरूरी छ । यसै सन्दर्भमा केन्द्रित रहेर युवाहरूलाई तपाईंले पछिल्लो एक वर्षमा संस्कृतिको संरक्षण सम्बन्धी काम कुन रूपमा गर्नुभएको छ? भनेर सोधिएको थियो । यसमा बहुविकल्प छनोट गर्न सकिने उत्तरहरू दिइएको थियो भने थप स्वतन्त्र विचार राख्न समेत भनिएको थियो ।

उत्तरका विकल्पहरू स्वयंसेवकको रूपमा, कार्यक्रमको आफै आयोजना गरेर, सामाजिक सञ्जालमार्फत प्रचार गरेर, सांस्कृतिक सामाग्री निर्माणमा संलग्न भएर, होइन, कुनै योगदान गर्न



सांस्कृतिक संस्थान २०२२

पाएको छैन अथवा अन्य कुनै भए लेख्नुहोस् भनेर सोधिएकोमा प्राप्त प्रतिक्रियाहरूको विश्लेषण यहाँ गरिएको छ ।

पछिल्लो एक वर्षमा संस्कृतिको संरक्षण सम्बन्धी काममा युवाहरूले विविध रूपमा योगदान दिएका छन् । सबैभन्दा धेरैले स्वयंसेवकको रूपमा सक्रिय भएर सांस्कृतिक संरक्षणमा हातेमालो गरेको देखिन्छ । स्वयंसेवकको रूपमा काम गर्दा उनीहरूले कुनै विशेष आर्थिक लाभ नलिई पनि आफ्नो समय र ऊर्जा लगानी गरी सांस्कृतिक कार्यक्रम सञ्चालन, प्रशिक्षण, र प्रचारप्रसारमा योगदान पुऱ्याएका छन् । यसले युवाहरूको सामाजिक उत्तरदायित्व र संस्कृतिप्रतिको लगाव प्रष्ट देखाउँछ ।

दोस्रो, युवाहरूले कार्यक्रम आफैं आयोजना गरेर सांस्कृतिक संरक्षणमा भूमिका खेलेका छन् । यस्ता कार्यक्रमहरूमा मौलिक गीत, नृत्य, बाजा, र सांस्कृतिक प्रस्तुतिहरू समावेश हुन्छन् जसले समुदायमा सांस्कृतिक चेतना फैलाउने काम गर्छ । आफैं कार्यक्रम आयोजना गर्नु भनेको नेतृत्व क्षमता र संगठनात्मक कौशलको परिचायक हो, जसले सांस्कृतिक संरक्षणलाई दिगो र प्रभावकारी बनाउँछ ।

तेस्रो, सामाजिक सञ्जालमार्फत प्रचार गर्ने कार्य पनि उल्लेखनीय छ । फेसबुक, टिकटक, युट्युब जस्ता प्लेटफर्महरू प्रयोग गरी सांस्कृतिक कार्यक्रम, गीत, नृत्य, र अन्य सांस्कृतिक सामग्रीहरू पठाइएका (अपलोड वा शेयर गरिएका) छन् । यसले सांस्कृतिक संरक्षणलाई आधुनिक प्रविधिसँग जोड्दै युवा पुस्तामा पहुँच र प्रभाव बढाएको छ । सामाजिक सञ्जालको प्रयोगले सांस्कृतिक कार्यक्रमहरूलाई मात्र सीमित नराखी विश्वव्यापी स्तरमा प्रचार गर्ने अवसर दिएको छ ।

यस्तै केहीले सांस्कृतिक सामग्री निर्माणमा संलग्न भएर संरक्षणमा योगदान दिएको उल्लेख गरेका छन् । यसमा मौलिक गीत, लोकधुन, सांस्कृतिक दस्तावेज, रेकर्डिङ तथा अनुसन्धानात्मक कामहरू पर्दछन् । यस्ता प्रयासहरूले सांस्कृतिक सम्पदालाई संरक्षित राख्न र भावी पुस्तासम्म पुर्याउन मद्दत गर्छ । यद्यपि केहीले समय अभाव वा अन्य कारणले कुनै योगदान गर्न नसकेको पनि बताएका छन्, जसले सांस्कृतिक संरक्षणमा अझै व्यापक सहभागिताको आवश्यकता देखाउँछ ।



सांस्कृतिक संस्थान २०२६

समग्रमा, स्वयंसेवा, कार्यक्रम आयोजना, सामाजिक सञ्जाल प्रचार, र सामग्री निर्माण गरी युवाहरूले संस्कृतिको संरक्षणमा बहुआयामिक योगदान दिएका छन् । यी प्रयासहरूले सांस्कृतिक पहिचानलाई जगेर्ना गर्ने, संरक्षण गर्ने र प्रवर्द्धन गर्ने दिशामा ठोस भूमिका खेलिरहेका छन् ।

यस्तै अझ गहिराईमा बुझ्नका लागि युवाहरूलाई तपाईंको विचारमा युवाहरूले संस्कृतिको संरक्षण तथा प्रवर्धनमा प्रभावकारी भूमिका खेलेका छन्? तपाईलाई के लाग्छ? भन्ने प्रश्नमार्फत विचार लिइएको थियो । बिल्कुल असहमत, असहमत, तटस्थ, सहमत, पूर्ण सहमत गरी पाँच तहमा मापन गरिएको विचारहरूका विवरण यहाँ प्रस्तुत गरिएको छ ।

*चित्र ३: संस्कृतिको संरक्षण तथा प्रवर्धनमा युवाको भूमिकामा सहमति स्तर*




स्रोतः प्रश्नावली सर्वेक्षण, २०८२

यसमा प्राप्त विचारहरूका आधारमा हेर्दा सकारात्मक प्रतिक्रिया उच्च रहेको पाइयो । करिब ७४ प्रतिशत युवाहरू "पूर्ण सहमत" रहेका देखिएका छन् भने २२ प्रतिशत युवा "सहमत" छन् । "बिल्कुल असहमत" र "असहमत" हुने कुनै पनि युवा देखिएका छैनन् तर तथष्ट रहने ४ प्रतिशत रहेका छन् । यसले विषयको स्वीकार्यता उच्च रहेको संकेत गर्छ । थोरै जना मात्र तटस्थ छन्, जसले अधिकांशले स्पष्ट धारणा बनाएको देखाउँछ ।

यस्तै तपाईंले संस्कृतिको संरक्षणको क्षेत्रमा गरेका कुनैपनि योगदानको संक्षिप्त विवरण दिनुहोस् भनी सोधिएको प्रश्नको जवाफमा प्राप्त उत्तरलाई यहाँ प्रस्तुत गरिएको छ । युवाहरूले संस्कृतिको संरक्षणमा गरेका योगदानहरूको विश्लेषण गर्दा सांस्कृतिक बाजा र नृत्य सिकाउने, प्रशिक्षण दिने र प्रस्तुति गर्ने कार्यहरू व्यापक रूपमा भइरहेको छ । बाँसुरी, धिमे, सारङ्गी, मादल जस्ता मौलिक बाजाहरू सिकाएर युवाहरूलाई मात्र सांस्कृतिक ज्ञान दिन नभई रोजगारको अवसर समेत प्रदान गरिएको छ । यसले सांस्कृतिक संरक्षणलाई व्यावहारिक र दीगो बनाउने काम गरेको छ । साथै, मौलिक भेषभूषा र परम्परागत नृत्यहरूलाई विभिन्न स्थानमा प्रस्तुत गरी सांस्कृतिक पहिचानलाई मजबुत बनाउने प्रयास पनि उल्लेखनीय छ ।

दोस्रो, सांस्कृतिक संरक्षणका लागि गरिएको अनुसन्धान, लेखन, र दस्तावेजीकरणको काम पनि महत्वपूर्ण छ । विभिन्न जातजातिका सांस्कृतिहरूलाई लिपिबद्ध गर्ने, मौलिक गीत, भाकाहरू र लोकगीतहरूको रेकर्डिङ्ग गरेर संरक्षण गर्ने कार्यले सांस्कृतिक सम्पदाको दिगोपना सुनिश्चित गर्ने काम गरेको छ । यसका साथै, सांस्कृतिक कार्यक्रमहरूमा सक्रिय सहभागिता, चलचित्र, म्युजिक भिडियो, नाटक लेखन तथा निर्देशनमार्फत पनि सांस्कृतिक संरक्षणलाई प्रवर्द्धन गरिएको पाइन्छ ।

तेस्रो, धार्मिक तथा सामाजिक सांस्कृतिक कार्यक्रमहरूको आयोजना र सञ्चालनले पनि संरक्षणमा ठूलो योगदान पुऱ्याएको छ । विभिन्न पर्व, धार्मिक झाँकी, भजन, आरती तथा सांस्कृतिक उत्सवहरूमा सहभागी भई मौलिक संस्कृतिको जगेर्ना गर्ने काम निरन्तर भइरहेको छ । यसले समुदायमा सांस्कृतिक चेतना बढाउने र भावी पुस्तालाई संस्कृतिप्रति जागरुक बनाउने भूमिका खेल्दछ । यस्ता कार्यक्रमहरूले सांस्कृतिक सम्पदाको जीवितता कायम राख्न सहयोग पुऱ्याएका छन् ।

यसरी सांस्कृतिक संरक्षणमा युवाहरूले बाजा सिकाउने, प्रस्तुति गर्ने, अनुसन्धान गर्ने, धार्मिक तथा सामाजिक कार्यक्रम सञ्चालन गर्ने र मिडियाको सदुपयोग गर्ने गरी बहुआयामिक योगदान दिएका छन् । यी प्रयासहरूले सांस्कृतिक पहिचानलाई जगेर्ना गर्ने, संरक्षण गर्ने र प्रवर्द्धन गर्ने दिशामा ठोस भूमिका खेलिरहेका छन् ।



सांस्कृतिक संस्थान २०२२

## ३.३. सांस्कृतिक कार्यक्रम र युवा सहभागितामा प्रेरणा

सांस्कृतिक कार्यक्रममा सहभागी हुन प्रेरित गर्ने मुख्य तत्वहरूका बारेमा जानकारी लिनका लागि तपाईंलाई सांस्कृतिक कार्यक्रममा सहभागी हुन प्रेरित गर्ने मुख्य कारणहरू के के हुन्? भनेर प्रश्न सोधिएको थियो । तयारी उत्तरहरूमा संस्कृतिप्रति व्यक्तिगत रूची, परिवार, समाज तथा साथीहरूको प्रेरणा, सामुदायिक पहिचान प्रतिको सम्भावना, सामाजिक संजाल वा मिडियाको प्रभाव, सम्मान वा पुरस्कार प्राप्त हुने सम्भावना, आर्थिक उपार्जन र अन्य केही थप विचार समेत राख्न सकिने गरी प्रश्नावली तयार गरिएको थियो ।

**सांस्कृतिक कार्यक्रममा युवा सहभागिताका प्रेरणा**

- संस्कृति प्रतिको व्यक्तिगत रूची
- संस्कृति, परम्परा, र पहिचानप्रति गर्व
- परिवार, समाज तथा साथीको प्रेरणा
- सम्मान वा पुरस्कार
- आर्थिक उपार्जन

सांस्कृतिक कार्यक्रममा युवाहरूको सहभागितालाई प्रेरित गर्ने कारकहरू विश्लेषण गर्दा सबैभन्दा प्रमुख कारण संस्कृति प्रतिको व्यक्तिगत रूची देखिन्छ । अधिकांश सहभागीहरूले आफ्नो मौलिक संस्कृति, परम्परा, र पहिचानप्रति गर्व तथा आकर्षण महसुस गर्ने भएकाले सांस्कृतिक कार्यक्रममा सक्रिय सहभागिता जनाउने उल्लेख गरेका छन् । यसले देखाउँछ कि व्यक्तिगत स्तरमै संस्कृति प्रतिको लगाव, जिज्ञासा, र आत्मीयता युवाहरूलाई प्रेरित गर्ने मूल शक्ति हो । यस किसिमको रूचीले सांस्कृतिक कार्यक्रमको सहभागिता मात्र बढाउँदैन छ बरु मौलिक संस्कृतिको संरक्षण र प्रवर्द्धनमा समेत महत्वपूर्ण भूमिका खेल्दछ ।

दोस्रो महत्त्वपूर्ण प्रेरणा परिवार, समाज तथा साथीहरूको प्रेरणा हो । परिवार र समाजले सकारात्मक सोच राखी, प्रोत्साहन र समर्थन प्रदान गरेमा युवाहरूमा आत्मविश्वास बढ्छ र उनीहरू सांस्कृतिक गतिविधिमा खुलेर सहभागी हुन्छन् । साथीहरूको समूहगत सहभागिता र सामाजिक वातावरणले पनि युवाहरूमा उत्साह थप्ने काम गर्छ । यसले सामाजिक सम्बन्ध, सहकार्य र सामूहिक पहिचानलाई बलियो बनाउँछ । यसरी सामाजिक सञ्जाल र सम्बन्धहरूको सकारात्मक प्रभावले सांस्कृतिक कार्यक्रमलाई जीवन्त बनाउँछ ।

तेस्रो, सम्मान वा पुरस्कार प्राप्त हुने सम्भावना र आर्थिक उपार्जन जस्ता व्यावहारिक कारणहरू पनि उल्लेखनीय छन् । सम्मान, पुरस्कार वा आर्थिक लाभको सम्भावनाले युवाहरूमा थप प्रतिस्पर्धा, लगाव र निरन्तरता ल्याउँछ । सांस्कृतिक क्षेत्रमा आफूलाई चिनाउने, लोकप्रियता



सांस्कृतिक संस्थान २०२२

कमाउने वा भविष्यमा रोजगारीको अवसर खोज्ने सोचले पनि युवाहरूलाई आकर्षित गर्छ । यसले सांस्कृतिक कार्यक्रमलाई पेशागत रूपमा हेर्ने दृष्टिकोणलाई प्रोत्साहन गरेको पाइन्छ ।

साथै, सामाजिक सञ्जाल वा मिडियाको प्रभाव र सामुदायिक पहिचान प्रतिको सम्भावना पनि युवाहरूको प्रेरणामा महत्वपूर्ण भूमिका खेल्ने प्रेरक तत्त्व हुन् । मिडिया तथा सामाजिक सञ्जालले सांस्कृतिक कार्यक्रमको प्रचारप्रसार, प्रतिभा प्रदर्शन, र सामाजिक मान्यता दिलाउने काम गर्छ । सामुदायिक पहिचान र गौरवको भावना, मौलिकता जगेर्ना गर्ने सोच तथा भावी पुस्तालाई प्रेरणा दिने उद्देश्यले पनि युवाहरू सांस्कृतिक कार्यक्रममा आकर्षित भएका छन् । यसले सांस्कृतिक कार्यक्रमलाई व्यक्तिगत मात्र नभई सामाजिक र सामुदायिक गर्वको विषय बनाएको देखिन्छ ।

निष्कर्षमा, युवाहरूलाई सांस्कृतिक कार्यक्रममा सहभागी हुन प्रेरित गर्ने प्रमुख कारणहरू व्यक्तिगत रूची, पारिवारिक/सामाजिक प्रेरणा, सम्मान/पुरस्कारको सम्भावना, आर्थिक उपार्जन, मिडिया प्रभाव, र सामुदायिक पहिचान हुन् । यी सबै पक्षले सांस्कृतिक कार्यक्रमलाई जीवन्त, समावेशी र आकर्षक बनाउने काम गर्छन् । यसैले, सांस्कृतिक कार्यक्रमको प्रवर्द्धन गर्न यी प्रेरक तत्वहरूलाई अझ सशक्त बनाउनु आवश्यक छ ।

### ३.३.१. सांस्कृतिक कार्यक्रम सहभागितामा प्रभाव पार्ने तत्वहरू

युवाहरूलाई सांस्कृतिक कार्यक्रममा सहभागी हुन प्रभाव पार्ने तत्त्वहरूका विषयमा जानकारी लिई सहभागिता अझ अभिवृद्धि गर्न उपायहरूको खोजी गर्न सहज होस् भनी युवाहरूलाई सांस्कृतिक कार्यक्रममा सहभागिता हुन प्रभाव पार्ने कारक तत्वहरू (अवरोधहरू) के के हुन्? भनेर सोधिएको थियो । यसका लागि केही उत्तरहरू छनोट गर्न र अन्य भए लेख्नसमेत भनिएको थियो । उत्तरहरूमा आर्थिक अवस्थाको कमी, समय अभाव, पारिवारिक तथा सामाजिक सहयोग नहुनु, मिडिया तथा सामाजिक सञ्जालबाट सकारात्मक सहयोग नपाउनु, सस्कृति सम्बन्धी पर्याप्त ज्ञानको कमी रहेका थिए ।

सहभागीबाट प्राप्त उत्तरहरूको विश्लेषण गर्दा युवाहरू सांस्कृतिक कार्यक्रममा सहभागी हुन मुख्यतया चारवटा प्रमुख अवरोधहरू देखिन्छन् । ती अवरोधहरूमा 'आर्थिक अवस्था, समय अभाव, पारिवारिक तथा सामाजिक समर्थनको कमी, र संस्कृति सम्बन्धी पर्याप्त ज्ञानको अभाव



सांस्कृतिक संस्थान २०२२

रहेका छन् । यी अवरोधहरू प्रायः एक-अर्कासँग सम्बन्धित छन् र युवाहरूको सांस्कृतिक सहभागितामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभाव पार्दछन् ।

सबैभन्दा बढी उल्लेख भएको अवरोध आर्थिक अवस्था हो । धेरैजसो युवाहरू आर्थिक दृष्टिले कमजोर भएका कारण सांस्कृतिक कार्यक्रममा सहभागी हुन सक्दैनन् । आर्थिक अभावले न त उनीहरूलाई आवश्यक सामग्री तथा पोशाक किन्न सजिलो हुन्छ, न त यात्रा खर्च, प्रशिक्षण शुल्क वा अन्य आवश्यक खर्च जुटाउन । यसले गर्दा प्रतिभाशाली युवाहरू पनि अवसरबाट वञ्चित हुने अवस्था सिर्जना हुन्छ । आर्थिक अवस्था सुधार गर्न स्थानीय सरकार, संघसंस्था तथा समुदायको सहकार्य अपरिहार्य देखिन्छ ।

**सांस्कृतिक कार्यक्रममा युवा सहभागितालाई प्रभाव पार्ने तत्त्वहरू**

- आर्थिक अवस्था
- समय अभाव
- पारिवारिक तथा सामाजिक समर्थनको कमी
- संस्कृति सम्बन्धी पर्याप्त ज्ञानको अभाव

दोस्रो प्रमुख अवरोध पारिवारिक तथा सामाजिक समर्थनको अभाव हो । परिवार तथा समाजले सांस्कृतिक गतिविधिलाई महत्व नदिँदा, युवाहरूमा आत्मविश्वासको कमी, डर, र झन्झट महसुस हुने गर्छ । कतिपय अवस्थामा परिवारले सांस्कृतिक क्षेत्रमा भविष्य छैन भन्ने सोच राखेर युवालाई निरुत्साहित गर्छन् । यसले गर्दा युवाहरूको प्रतिभा दबिन्छ र उनीहरू अन्य क्षेत्रतिर आकर्षित हुन्छन् । परिवार तथा समाजले सकारात्मक सोच राखेमा मात्र युवाहरूको सहभागिता बढ्न सक्छ ।

तेस्रो, संस्कृति सम्बन्धी पर्याप्त ज्ञानको कमी पनि उल्लेखनीय अवरोध हो । धेरै युवाहरूलाई आफ्नै संस्कृति, परम्परा, र सांस्कृतिक महत्वबारे जानकारी कम छ । विद्यालय, समुदाय तथा सञ्चारमाध्यमबाट संस्कृति सम्बन्धी शिक्षा र जानकारीको अभावले उनीहरूमा रूची र सहभागिता घटाउँछ । यसका लागि विद्यालयस्तरदेखि नै संस्कृति विषयमा पाठ्यक्रम विकास, कार्यशाला, तथा स्थानीय सांस्कृतिक कार्यक्रमहरूको आयोजना आवश्यक छ ।

अन्त्यमा, समय अभाव पनि एक महत्वपूर्ण अवरोध हो । अध्ययन, जागिर वा अन्य जिम्मेवारीका कारण युवाहरू सांस्कृतिक कार्यक्रममा समय दिन सक्दैनन् । आधुनिक जीवनशैली, प्रतिस्पर्धा र व्यस्तताले गर्दा उनीहरूमा सांस्कृतिक गतिविधिलाई प्राथमिकता दिन

कठिन भएको छ । यसलाई व्यवस्थापन गर्न समयको उचित व्यवस्थापन, लचकदार कार्यक्रम तालिका, र अभिभावक तथा शिक्षकहरूको सहयोग आवश्यक छ ।

निष्कर्षमा, यी चारवटा प्रमुख अवरोधहरू युवाहरूको सांस्कृतिक कार्यक्रममा सहभागिता घटाउने मुख्य कारक हुन् । यी अवरोधहरूलाई सम्बोधन गर्न सामूहिक प्रयास, नीति निर्माण, र सचेतना कार्यक्रम आवश्यक देखिन्छ । यसरी मात्र युवाहरूको सांस्कृतिक सहभागिता बढाउन सकिन्छ ।

## ३.३.२. सांस्कृतिक कार्यक्रम सहभागितामा हुने अवरोधहरू

सांस्कृतिक कार्यक्रममा सहभागिताका लागि देखिएका र संस्कृतिककर्मीहरूले भोगेका अवरोधहरूलाई हटाउन मद्दत पुग्ने गरी सांस्कृतिक कार्यक्रममा सहभागिता हुन तपाईंले देख्नु भएका मुख्य अवरोधहरू के हुन्? भनेर सोधिएका प्रश्नमा प्राप्त उत्तरहरूलाई यहाँ विश्लेषण गरिएको छ ।

प्राप्त विचारहरूलाई समेटेर विश्लेषण गर्दा सांस्कृतिक कार्यक्रममा सहभागिता हुनुका लागि देखिने अवरोधहरू मूलतः पारिवारिक, सामाजिक, आर्थिक, संस्थागत, संरचनात्मक, तथा वैचारिक पक्षमा केन्द्रित छन् । यस्ता अवरोधहरूले हाम्रो मौलिक सांस्कृतिक पहिचानलाई संरक्षण गर्न र नयाँ पुस्तामा त्यसको स्थान बनाउन गम्भीर चुनौती उत्पन्न गरिरहेका समेत देखिन्छन् ।

**सांस्कृतिक कार्यक्रममा युवा सहभागितामा हुने अवरोधहरू**

- पारिवारिक र सामाजिक
- आर्थिक र भौतिक
- वैचारिक तथा नीतिगत
- बाह्य प्रभाव र मौलिकताको कमि

पहिलो पारिवारिक र सामाजिक अवरोधहरू सबैभन्दा दोहोरिएर उठाइएको पक्ष हो । परिवारमा संस्कृति सम्बन्धी ज्ञानको अभाव, रूचिको कमि, परिवार तथा समुदायबाट असहयोग, छोरीहरूलाई सांस्कृतिक क्षेत्रमा नलगाउने सामाजिक सोच, नातावाद, जातीय विभेद जस्ता विषयहरू रहेका छन् । जसले संस्कृति जस्तो जीवन्त विषयमा पनि हाम्रो समाज अझै खुला र समावेशी बन्न नसकेको देखाउँछन् । अभिभावकहरूले आफ्ना सन्तानमा संस्कृतिको बीउ रोप्न नसक्नु, र समाजले सांस्कृतिक कर्मीलाई सकारात्मक दृष्टिले नहेर्नु ठूलो विडम्बना हो ।

दोस्रो, आर्थिक र भौतिक पक्षमा आधारित अवरोधहरू पनि बारम्बार उल्लेख गरिएका छन् । जसमा पारिश्रमिकको कमि, बजेटको अभाव, प्रस्तुति स्थलको अभाव, मञ्च व्यवस्थापनको कमजोरी, प्रसाधनको व्यवस्था नहुनु, समयको अभाव, र मुनाफामुखी कार्यक्रमहरूको प्रभाव प्रमुख छन् । यस्तो अवस्था सांस्कृतिक कार्यक्रमलाई केवल सौन्दर्य प्रदर्शनको साधन बनाएर त्यसको गहिरो मूल्यलाई नजरअन्दाज गर्ने प्रवृत्तिको इङ्गित गर्दछ । साथै, साना कलाकारहरूको लागि पर्याप्त स्रोत, सम्मान र अवसरको अभावले उनीहरूलाई निरुत्साहित बनाइरहेको छ ।

तेस्रो, वैचारिक तथा नीतिगत समस्याहरू पनि यस विश्लेषणमा गम्भीर देखिन्छन् । संस्कृति सम्बन्धी शैक्षिक ज्ञानको अभाव, प्रचारप्रसारको कमि, संचारमाध्यमको उपेक्षा, संस्थागत तहमा सहयोगको अभाव, र सरकारी नीति तथा बजेटको कमजोरीले देखाउँछ कि संस्कृति प्रवर्द्धनको लागि आवश्यक नीतिगत प्रतिबद्धता अझै कमजोर छ । यस्ता खालका संरचनात्मक कमीकमजोरीले मौलिक संस्कृतिको संरक्षण मात्र होइन, नयाँ पुस्तासम्म यसको हस्तान्तरणमा पनि गम्भीर रुकावट पैदा गर्छ ।

अन्त्यमा, बाह्य प्रभाव र मौलिकताको कमिले सांस्कृतिक सहभागितामा ठूलो अवरोध सिर्जना गरिरहेको छ । पाश्चात्य संस्कृतिको बढ्दो प्रभाव, विदेशी नृत्य र संगीतको मोह, सांस्कृतिक क्षेत्रलाई पेशा बनाउन कठिन देखिने दृष्टिकोण, र मौलिक लोककला तथा नृत्यप्रति गम्भीरता नलिने प्रवृत्तिले यो क्षेत्रलाई कमजोर बनाउँदै लगेको छ । यदि समाजले आफ्नै मौलिकताको मूल्य बुझेन भने, सांस्कृतिक कार्यक्रमहरू केवल उत्सवका नाममा सीमित भएर हराउने सम्भावना हुन्छ ।

यसैले, सांस्कृतिक सहभागिताको समस्या केवल एउटा कारणले नभई समग्र संरचना र चेतनाको संकुचनबाट सिर्जना भएको जटिल बहुआयामिक समस्या हो भन्ने स्पष्ट गर्छ । यसलाई समाधान गर्न बहुस्तरीय पहल, नीति सुधार, परिवारदेखि राज्य तहसम्मको समन्वय र जनचेतना आवश्यक छ ।

## ३.४. संस्कृतिको संरक्षणमा युवा आकर्षण

संस्कृतिको संरक्षणमा युवालाई आकर्षण गर्न जरूरी रहेको पक्षलाई आत्मसात गर्दै अझ प्रभावकारी बनाउने सन्दर्भमा सोधिएको अर्को प्रश्न तपाईंको विचारमा संस्कृतिको संरक्षणमा



सांस्कृतिक संस्थान २०२२

युवाहरूलाई आकर्षित गर्न सबैभन्दा प्रभावकारी उपाय कुन हो? भन्ने थियो । यसका लागि केही पुर्वनिर्धारित उत्तरहरूमा छनोट गर्न भनिएको थियो । यी बहुविकल्पमा शैक्षिक पाठ्यक्रममा सांस्कृतिक विषय समावेश, आर्थिक सहयोग वा छात्रवृत्ति प्रदान, सामाजिक सञ्जाल मार्फत प्रचार/प्रसार, स्थानीय सरकारद्वारा संस्कृति सम्बन्धी पर्याप्त कार्यक्रमहरूको आयोजना, आवश्यक प्रशिक्षणको व्यवस्था र अन्य रहेका थिए ।

यसमा जम्मा ६८ वटा विचार प्राप्त भएका थिए र ती प्राप्त उत्तरहरूको आवृत्ति तलको चित्रमा प्रस्तुत गरिएको छ । यसबाट सबैभन्दा धेरै दोहोरिएर आएका विचारहरू र कम प्रतिक्रिया पाएका विचारहरूको विश्लेषण गरिएको छ ।

*चित्र ४: संस्कृतिको संरक्षणमा युवाहरूलाई आकर्षित गर्ने प्रभावकारी उपायहरू*




स्रोतः प्रश्नावली सर्वेक्षण, २०८२

सहभागीहरूको प्रतिक्रिया र विचार विश्लेषण गर्दा युवाहरूलाई संस्कृति संरक्षणमा आकर्षित गर्न सबैभन्दा प्रभावकारी उपायहरूमध्ये प्रमुख रूपमा शैक्षिक पाठ्यक्रममा सांस्कृतिक विषय समावेश, स्थानीय सरकारद्वारा पर्याप्त कार्यक्रमहरूको आयोजना, आवश्यक प्रशिक्षणको व्यवस्था, आर्थिक सहयोग वा छात्रवृत्तिको उपलब्धता, र सामाजिक सञ्जालमार्फत प्रचारप्रसार देखिन्छन् । यसमा सबैभन्दा धेरै उल्लेख गरिएको उपाय भनेको शैक्षिक पाठ्यक्रममार्फत

संस्कृति समावेश गर्नु हो, जसले संस्कृति सम्बन्धी ज्ञान बाल्यकालदेखि नै प्रदान गरी युवामा चेतना र रूची जागृत गर्छ । त्यसपछिको दोस्रो प्रमुख उपाय स्थानीय सरकारको सक्रियता हो, जसले युवालाई प्रत्यक्ष सहभागी गराउने अवसरहरू प्रदान गर्छ । आर्थिक सहयोग र छात्रवृत्तिले कमजोर पृष्ठभूमिका युवाहरूलाई संस्कृति क्षेत्रको अध्ययन र अभ्यासमा निरन्तरता दिन सघाउँछ । सामाजिक सञ्जालको प्रयोगले भने व्यापक पहुँचसहित युवा पुस्तालाई आकर्षित गर्ने माध्यमको रूपमा देखा पर्छ । यसरी यी उपायहरू एक अर्कामा परिपूरक छन्, र सबै पक्षको समन्वयमा मात्रै युवालाई प्रभावकारी ढंगले संस्कृति संरक्षणमा संलग्न गराउन सकिन्छ ।

## ३.४.१. संस्थागत कार्यक्रमहरूले गर्ने आकर्षणको स्तर

संस्थागत कार्यक्रमहरूले युवालाई मौलिक संस्कृति तर्फ गर्ने आकर्षणको स्थतिलाई बुझ्न पाँचवटा स्तरमा सहमति वा विमतिको मापन गरिएको थियो । यसमा संस्थागत कार्यक्रमहरूले युवालाई मौलिक संस्कृति तर्फ आकर्षित गर्न सफल भएका छन् भन्ने प्रश्न सोधिएकोमा प्राप्त प्रतित्युत्तरलाई यहाँ प्रस्तुत गरिएको छ ।

*चित्र ५: संस्थागत कार्यक्रमहरूले गर्ने आकर्षणको स्तर*




स्रोतः प्रश्नावली सर्वेक्षण, २०८२





प्रस्तुत चित्रमा संस्थागत कार्यक्रमहरूले गर्ने आकर्षणको विषयमा सबैभन्दा धेरै सहभागीहरू (५६.५३ %) "सहमत" भन्ने विकल्प रोजेका छन् । यसले देखाउँछ कि धेरैजसो सहभागीहरूले संस्थागत कार्यक्रमहरू युवालाई आकर्षित गर्न सक्षम भएको महसुस गरेका छन् । यसले संस्थागत कार्यक्रमको प्रभावकारिता र सान्दर्भिकता प्रति सकारात्मक धारणा रहेको संकेत गर्छ । यस्तै पूर्ण सहमत र तथस्ट विचार राख्नेहरू बराबर १७.३९ प्रतिशत रहेका छन् ।

## ३.४.२. युवा सहभागिता बढाउने नीति र कार्यक्रम

सांस्कृतिक कार्यक्रमहरूमा युवा सहभागिता बढाउन आवश्यक पर्ने नीति तथा कार्यक्रमहरूका बारेमा सहभागी सहभागीहरूले दिएको जवाफलाई यहाँ प्रस्तुत गरी विश्लेषण गरिएको छ । प्राप्त जवाफका आधारमा धेरै महत्त्वपूर्ण मानिएको युवा सहभागिता बढाउने नीति र कार्यक्रम र त्यसका अन्तर्निहित पक्षहरूलाई केलाउँदा शैक्षिक समावेशीकरणलाई सरकार र सम्बन्धित निकायले प्राथमिकता दिनुपर्ने देखिन्छ । साथै अन्य नीतिगत सवालहरू समेत यहाँ उल्लेख गरिएको छ ।

### शैक्षिक समावेशीकरण

यस अन्तर्गत निम्नानुसारका कार्यक्रम गर्न उपयुक्त रहेको:

- पाठ्यक्रममा संस्कृतिसम्बन्धी विषय समावेश
- विद्यालयदेखि विश्वविद्यालयसम्मका लागि योजना
- योग्य शिक्षकको व्यवस्था
- छात्रवृत्ति र अध्ययन-अध्यापन बजेट

### तालिम, प्रशिक्षण र अनुसन्धान

- सांस्कृतिक बाजा, नृत्य, ई-कमर्स तालिम
- शोध तथा कार्यशालाको आयोजना
- अनुसन्धानात्मक संस्था र तालिम केन्द्र स्थापना

### कार्यक्रम, प्रतियोगिता र प्रस्तुति



सांस्कृतिक संस्थान २०२२

- राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरका कार्यक्रम
- स्थानिय मञ्च र प्रस्तुति
- प्रतियोगिता, भ्रमण, सांस्कृतिक मेला

**नीति निर्माण र कानुनी संरचना**

- संस्कृति मैत्री नीतिहरू
- सरकारी ऐन, बाध्यकारी व्यवस्था
- कलाकार र संस्थाको सम्मान नीतिगत रूपमा

**आर्थिक सहायता तथा बजेट (Financial & Budgetary Support)**

- बजेट विनियोजन
- स्थानीय सरकारद्वारा सहयोग
- कलाकारहरूको मासिक आयको व्यवस्था

**स्थानिय तह र समुदाय आधारित पहल**

- स्थानिय सरकार/वडा तहबाट कार्यक्रम
- जातीय/सामाजिक संस्कृति संरक्षण
- सामुदायिक विद्यालयमा स्थानीय विषय समावेश

**प्रचारप्रसार र जागरण**

- सामाजिक सञ्जाल प्रयोग
- विदेशमा नेपाली संस्कृतिको प्रचार
- मौलिक संस्कृति तर्फ आकर्षण गराउने कार्यक्रम

विश्लेषणबाट स्पष्ट हुन्छ कि सबैभन्दा बढी सुझावहरू शैक्षिक पाठ्यक्रममा संस्कृति समावेश गर्ने सम्बन्धी छन्, जुन दीर्घकालीन समाधानको रूपमा देखिन्छ । दोस्रो ठूलो क्षेत्र तालिम र अनुसन्धान हो, जसले युवाहरूलाई सांस्कृतिक क्षेत्रमा सीपयुक्त र सक्षम बनाउने उद्देश्य राख्छ । साथै अन्य कार्यक्रमहरू, नीति निर्माण, बजेट, र प्रचारप्रसार लगायतका पक्षहरू युवालाई सक्रिय र उद्यमशील बनाउने महत्वपूर्ण माध्यमका रूपमा पहिचान गरिएको छ ।



सांस्कृतिक संस्थान २०२१

## ३.५. संस्कृतिमा आधारित उद्यमशीलता र युवाको सम्भावित योगदान

संस्कृतिमा आधारित उद्यमशीलता प्रवर्धनमा युवाको सम्भावित योगदानको सन्दर्भमा युवाहरूले के कस्ता उद्यमहरूको सुरुवात वा विकास गरेका छन् भनेर हेर्ने प्रयास गरिएको थियो । प्राप्त उत्तरका आधारमा सबैभन्दा धेरै जवाफ आएको र क्रमशः कम जवाफ आएकालाई यस चित्रमा प्रस्तुत गरिएको छ । पहिलो अनुक्रममा युवा शिक्षालाई लिएर प्रतिक्रिया आएका छन् । यी अनुक्रमले प्राथमिकताको स्तर बताउँछन् ।

*चित्र ६: संस्कृतिसँग सम्बन्धित उद्यमहरू*




स्रोतः प्रश्नावली सर्वेक्षण, २०८२ बाट अनुसन्धानकर्ताद्वारा सिर्जना गरिएको

युवा शिक्षाले युवाहरूलाई सांस्कृतिक बोध सिकाउने कुरामा जोड दिन्छ । दोस्रो बुँदामा पर्यटन उद्यम छ, जसले पर्यटन क्षेत्रमा सांस्कृतिक अवसरहरू बढाउने कुरा संकेत गर्छ । तेस्रो

बुँदामा आर्थिक उन्नति उल्लेख छ, जसले सांस्कृतिक कार्यक्रमहरूबाट आर्थिक अवसरहरू सृजना हुने बताउँछ । चौथो बुँदामा व्यक्तिगत प्रदर्शन उल्लेख छ, जसले पर्यटन स्थलहरूमा व्यक्तिगत सांस्कृतिक प्रदर्शनको महत्व देखाउँछ ।

पाँचौं र छैटौं बुँदामा संस्थागत सहभागिता र सांस्कृतिक संरक्षणको चर्चा गरिएको छ । संस्थागत सहभागिताले विभिन्न संस्थाहरूले सांस्कृतिक कार्यक्रमहरूमा सक्रिय सहभागिता जनाउने कुरा देखाउँछ भने, सांस्कृतिक संरक्षणले सांस्कृतिक सम्पदाको निरन्तर प्रयासलाई जोड दिएको छ । सातौं बुँदामा सामुदायिक संस्कृति उल्लेख छ, जसले विभिन्न समुदायहरूको सांस्कृतिक अभ्यासलाई महत्व दिएको छ ।

अन्तिम तीन बुँदामा पर्यटन प्रदर्शन, धार्मिक अनुसन्धान, र सांस्कृतिक विविधताको चर्चा गरिएको छ । पर्यटन प्रदर्शनले पर्यटकहरूका लागि सांस्कृतिक नृत्य प्रदर्शनको महत्व देखाउँछ । धार्मिक अनुसन्धानले सांस्कृतिक संरक्षणमा धार्मिक अनुसन्धानकर्ताहरूको भूमिकालाई जोड दिएको छ ।

### ३.५.१. संस्कृतिको संरक्षणले युवा उद्यमशीलताको अवसर

संस्कृतिको संरक्षण मार्फत युवा उद्यमशीलताको अवसर बढाउने सकिने विषयमा द्विमत छैन । तथापि युवाहरू यसमा कति सहमत वा असहमत छन् भन्ने विषय निकै महत्त्वपूर्ण हुन्छ । सोही विषयलाई लिएर यहाँ उनिहरूको विचार लिएइको हो ।

*चित्र ७: संस्कृतिको संरक्षणले युवा उद्यमशीलताको अवसर बढाउँछ भन्नेमा प्राप्त प्रतिक्रिया*



सांस्कृतिक संस्थान २०२४




स्रोतः प्रश्नावली सर्वेक्षण, २०८२

प्राप्त विचार अनुसार झन्डै ५७ प्रतिशत सहभागीहरूले संस्कृतिको संरक्षणले युवा उद्यमशीलताको अवसर बढाउँछ भन्नेमा सहमति जनाएका छन् । लगभग ४० प्रतिशतले पूर्ण सहमत रहेको जनाएका छन्, जसले सकारात्मक सम्बन्ध स्वीकारे पनि पूर्ण विश्वास नदेखाएको बुझिन्छ । अति थोरै सहभागीहरू मात्र तटस्थ छन्, जसले यो विषयमा स्पष्ट धारणा राखेका छैनन् । सहभागीहरूको स्पष्ट बहुमतले संस्कृतिको संरक्षणलाई युवा उद्यमशीलताको अवसर विस्तारसँग जोडेका छन् । यसले सांस्कृतिक सम्पदा, परम्परा, सीप, र स्थानीय पहिचानको संरक्षणले नयाँ व्यवसायिक सम्भावना, रोजगारी, र नवप्रवर्तनका लागि प्रेरणा दिन्छ भन्ने बुझाइलाई पुष्टि गर्छ ।

## ३.५.२. संस्कृतिको संरक्षणले युवा उद्यमशीलताको अवसर

संस्कृतिमा आधारित उद्यमशिलता विकास गर्नका लागि युवाहरूले गर्नुपर्ने र गरिरहेका क्रियाकलापका विषयमा केन्द्रित रहेर अब के गर्न सकिन्छ भनी सोधिएको प्रश्नमा प्राप्त उत्तरहरूलाई यहाँ विश्लेषण गरिएको छ ।

विषयगत शीर्षकमा विभाजन गरी सो को सङ्क्षिप्त विवरण समेत प्रस्तुत यस प्रकार रहेको छ ।

### पर्यटन र संस्कृति

मौलिक भेषभूषा, बाजा, खानाका परिकार, संस्कृति अवलोकन, नेवारी संस्कृति, गन्धर्व कला, सांस्कृतिक घर, होमस्टे, ऐतिहासिक स्थानमा मेला ।

### प्रशिक्षण र क्षमता विकास

विभिन्न जातजातिलाई प्रशिक्षण, सांस्कृतिक तालिम, युवायुवतीलाई प्रशिक्षण, समुदाय स्तरमा प्रशिक्षण केन्द्र ।

### उद्यमशिलता र आर्थिक विकास

सांस्कृतिक वस्तुहरूको बजारिकरण, वाद्ययन्त्र निर्माण, सांस्कृतिक पर्यटन, उद्यमशिल व्यवसायको पुनः ब्रान्डिङ् गरी व्यवसायिक बनाउने ।

### सरकारी नीति र सहयोग

सरकारी लगानी, अनुदानको व्यवस्था, कानुनी व्यवस्था, नीति निर्माण, सरकारी तथा गैरसरकारी निकायको भूमिका ।

### संस्कृति संरक्षण र प्रवर्द्धन

संस्कृति अनुसन्धान, लिपिबद्ध, लोक संस्कृतिको जगेर्ना, सांस्कृतिक संग्रहालय, भाषा प्रशिक्षण, सांस्कृतिक कार्यक्रम ।

### शिक्षा र चेतना

शैक्षिक पाठ्यक्रममा समावेश, संस्कृति प्रति सकारात्मक सोच, स्थानीय ज्ञानको पहिचान, कथा भन्ने शैली ।

युवाहरूले नै यसरी संस्कृतिको संरक्षण गर्ने र त्यसलाई उद्यमसँग जोड्ने तागत राख्दछन् । उदाहरणका लागि स्थानीय संस्कृति, भेषभूषा, खानपान, वाद्ययन्त्र, र नृत्यलाई पर्यटनसँग जोडेर आर्थिक लाभ लिन सकिन्छ भन्ने बुझाई आम युवाको छ । होमस्टे, सांस्कृतिक घर, संग्रहालय, र ऐतिहासिक स्थानमा मेला जस्ता कार्यक्रमले पर्यटक आकर्षण बढाउँछन् ।

सांस्कृतिक वस्तु, वाद्ययन्त्र, भेषभूषा, र खानाको उत्पादन तथा बजारिकरण गरेर स्थानीय उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पुर्याउन सकिन्छ । यसले आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्छ । तर त्यसका लागि सरकारी तथा गैरसरकारी निकायबाट अनुदान, सहज कानुनी प्रक्रिया, नीति निर्माण, र अनुगमन आवश्यक छ ।

## खण्ड घ
## निष्कर्ष तथा सिफारिसहरू

### ४.१. अनुसन्धानको निषकर्ष

यस अनुसन्धानमा प्रयुक्त तथ्यांक र सूचनाहरूको गहन विश्लेषण गरी प्राप्त निषकर्षहरूलाई यहाँ प्रस्तुत गरिएको छ । अधिकांश युवाहरूले पछिल्लो एक वर्षमा कम्तिमा छ पटकसम्म मौलिक सांस्कृतिक कार्यक्रममा सहभागिता जनाउनु र अझै सहभागी हुन सहमती पुष्टि गर्छ कि उनीहरू अझ सक्रिय रूपमा सहभागी हुन इच्छुक छन् । यसले सांस्कृतिक कार्यक्रम प्रतिको रूची, सक्रियता र सामाजिक संलग्नताको सकारात्मक रूप देखाउँछ ।

युवाहरूले विभिन्न रूपमा स्वयंसेवक, कार्यक्रम आयोजक, सामाजिक सञ्जाल मार्फत प्रचार, सांस्कृतिक सामग्री निर्माण जस्ता कार्यमा उल्लेखनीय भूमिका खेलेका छन् । यसले देखाउँछ कि उनीहरू केवल सहभागी मात्र होइन, नेतृत्वदायी तथा रचनात्मक रूपमा पनि जोडिएका छन् । युवाहरू सांस्कृतिक कार्यक्रममा व्यक्तिगत रुची, सामाजिक प्रेरणा, मिडिया प्रभाव, सम्मान वा पुरस्कार, र आर्थिक अवसरका कारणबाट प्रेरित भएका छन् । उनीहरू सांस्कृतिक संरक्षणलाई उद्यमशीलताको अवसरको रूपमा हेर्न थालेका छन्, जुन नीति निर्माणका लागि महत्वपूर्ण संकेत हो ।

संस्कृतिको संरक्षणले उद्यमशीलताको अवसर बढाउँछ भन्ने धारणा प्रति युवाहरू पूर्ण सहमत छन् । होमस्टे, सांस्कृतिक संग्रहालय, हस्तकलाका उत्पादन, वाद्ययन्त्र निर्माण, र परम्परागत खाना जस्ता विषयहरूलाई आर्थिक रूपमा प्रयोग गर्न सकिने सम्भावना देखिएको छ ।

युवाहरूको संस्कृति प्रतिको लगाव गहिरो छ तर उनीहरूलाई आवश्यक स्रोत, संरचना, बजेट र प्रशिक्षणको पहुँच पर्याप्त छैन । उनीहरूमा आत्मस्फूर्त अभिरूची त छ, तर संस्थागत समर्थन न्यून छ । सांस्कृतिक कार्यक्रमलाई आर्थिक स्रोतसँग जोड्दा मात्र दीर्घकालीन रूप दिन सकिन्छ । युवाहरूको उद्यमशीलता, स्वरोजगार, र नयाँ व्यवसायको विकास गर्न संस्कृति एउटा गतिशील आधार हुन सक्छ ।

शिक्षा प्रणाली, स्थानीय तहको नीतिगत सक्रियता, सामाजिक दृष्टिकोण, र सरकारी लगानीले मात्र संस्कृति जोगिने छैन; यी सबै संयोजनमा चल्नुपर्ने आवश्यक छ । पारिवारिक, सामाजिक, आर्थिक, संरचनागत, र वैचारिक अवरोधहरूले युवाहरूको सहभागिता घटाएको छ । एकतर्फ युवामा इच्छाशक्ति बलियो छ भने अर्कोतर्फ समर्थन संरचना कमजोर छ ।

## ४.२. सुझावहरू

प्राप्त सुझावहरूलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

### ४.२.१. शैक्षिक समावेशीकरण

- विद्यालय र विश्वविद्यालयको पाठ्यक्रममा सांस्कृतिक विषयहरू समावेश गरिनुपर्छ ।
- विद्यार्थीहरूलाई मौलिक संस्कृति सम्बन्धी परियोजना कार्य, क्षेत्र भ्रमण, तथा सहभागिता अनिवार्य गर्नुपर्छ ।
- संस्कृति शिक्षामा प्रशिक्षित शिक्षक र सुविधा सम्पन्न प्रशिक्षण केन्द्र स्थापना गर्नुपर्छ ।

### ४.२.२. क्षमता विकास र तालिम

- सांस्कृतिक सीपहरू (जस्तै बाजा, नृत्य, नाट्य, खाना बनाउने) सम्बन्धी तालिमहरू समुदायस्तरमै हुनुपर्छ ।
- ई-कमर्स र डिजिटल मार्केटिङ्ग मार्फत सांस्कृतिक वस्तुको विक्रि गर्न सक्ने क्षमता विकास गर्नुपर्छ।
- अनुसन्धानात्मक संस्था, मञ्च र अभिलेख निर्माणमा राज्यले सहयोग गर्नुपर्छ ।

### ४.२.३. स्थानीय सरकारको भूमिका

- वडास्तरबाटै संस्कृतिकर्मीको नामावली, सीप तथा योगदानको अभिलेख राख्नुपर्छ ।
- स्थानीय सांस्कृतिक मेलाको आयोजना गर्न, बजेट विनियोजन अनिवार्य गर्नुपर्छ ।



सांस्कृतिक संस्थान २०२२

- संस्कृति संरक्षणमा लागेका युवाहरूको सम्मान तथा मासिक सहायता दिन सकिन्छ।

## ४.२.४. उद्यमशीलता र रोजगारी

- वाद्ययन्त्र निर्माण, भेषभूषा उत्पादन, परम्परागत खाना उद्योग जस्ता गतिविधिलाई व्यवसायिक बनाउन प्रोत्साहन गर्नुपर्छ ।
- संस्कृतिकर्मीका लागि सहुलियत ऋण, सीप आधारित रोजगार कार्यक्रम, तथा उत्पादनको ब्रान्डिङ र निर्यातको संरचना विकास गर्नुपर्छ ।

## ४.२.५. प्रचारप्रसार र सामाजिक सञ्जाल

- सामाजिक सञ्जाल र मिडियामार्फत सांस्कृतिक कार्यक्रमको नियमित प्रसारण/प्रचार गर्नुपर्छ ।
- युवा आइकन र प्रभावशाली व्यक्तिहरूबाट सांस्कृतिक चेतनाको प्रवर्द्धन गरिनुपर्छ ।

## ४.२.६. नीति निर्माण र कानुनी संरचना

- सांस्कृतिक नीति राष्ट्रिय प्राथमिकतामा राखेर, सबै तहका सरकारहरूले संस्कृति मैत्री नीति बनाउनुपर्छ ।
- प्रत्येक जिल्लामा सांस्कृतिक विकास परिषद स्थापना गर्नुपर्छ ।
- बजेट, ऐन, र संस्थागत संरचना स्पष्ट पारेर प्रभावकारी कार्यान्वयन गर्नुपर्छ ।

## सन्दर्भ सामग्रीहरू


Adhikari, B. (2021). *Cultural Entrepreneurship: Youth Opportunity in Arts and Heritage*. Nepal Cultural Review, 12(1), 78–85.

Gurung, R. (2020). *Local Government and Cultural Promotion in Federal Nepal*. Journal of Public Policy, 6(2), 45–59.

Koirala, P. (2018). *Youth and Cultural Awareness in Nepalese School Curriculum*. Kathmandu: Curriculum Development Centre.

Ministry of Culture, Nepal. (2010). National Cultural Policy. https://mocit.gov.np

Thapa, A. (2017). *Social Media and Youth Cultural Identity in Nepal*. Media and Society Journal, Vol. 4, pp. 22–34.

UNESCO (2009). Investing in Cultural Diversity and Intercultural Dialogue. https://unesdoc.unesco.org/ark:/48223/pf0000184755

## अनुसूचीहरू

### प्रश्नावली

अनुसन्धान कार्यक्रममा सहभागी युवा/समुह को विवरण

नामः

उमेरः लिंगः पुरुष/महिला

समूहको नामः जातीः

ठेगानाः

पेशाः

विधाः

मितिः

मोबाइल नंः

### अनुसन्धानका लागि प्रश्नावली

**आफुलाई उचित लागेको उत्तरमा ठीक चिन्ह लगाउनुहोस् (v)।**
**(बहुविकल्पमा एकभन्दा बढी उत्तर पनि छनोट गर्न सकिने छ ।**

मौलिक सांस्कृतिक कार्यक्रममा युवा सहभागिताको अवस्था र रूची

१. मौलिक सांस्कृतिक कार्यक्रममा युवाको सहभागिताका बारेमाः

१.१ तपाईले पछिल्लो १ वर्षमा मौलिक सांस्कृतिक कार्यक्रममा कति पटक सहभागी हुनुभएको छ ?

☐ भएको छैन

☐ १–२ पटक

☐ ३–५ पटक

☐ ६ भन्दा धेरै पटक



सांस्कृतिक संस्थान २०२२

१.२ तपाईं मौलिक सांस्कृतिक कार्यक्रममा सक्रिय रूपमा सहभागी हुन कति इच्छुक हुनुहुन्छ, हो ?

☐ बिल्कुल असहमत

☐ असहमत

☐ तटस्थ

☐ सहमत

☐ पूर्ण सहमत

१.३ तपाईंको दृष्टिमा सांस्कृतिक कार्यक्रममा युवाहरूको सहभागिता बढाउन के गर्नुपर्ला ?

क)

ख)

ग)

घ)

ङ)

संस्कृतिको संरक्षण र प्रवर्धनमा युवाको योगदान र भूमिका

२) संस्कृतिको संरक्षण तथा प्रवर्धनमा युवाले पुर्याएको योगदानका बारेमा:

२.१ तपाईंले पछिल्लो एक वर्षमा संस्कृतिको संरक्षण सम्बन्धी काम कुन रूपमा गर्नुभएको छ?

☐ स्वयंसेवकको रूपमा

☐ कार्यक्रमको आफै आयोजना गरेर

☐ सामाजिक सञ्जालमार्फत प्रचार गरेर

☐ सांस्कृतिक सामाग्री निर्माणमा संलग्न भएर

☐ होइन, कुनै योगदान गर्न पाएको छैन

☐ अथवा अन्य कुनै भए लेख्नुहोस्..........................

२.२ तपाईंको विचारमा युवाहरूले संस्कृतिको संरक्षण तथा प्रवर्धनमा प्रभावकारी भूमिका खेलेका छन् । तपाईलाई के लाग्छ ?

☐ बिल्कुल असहमत



सांस्कृतिक संस्थान २०२६

□ असहमत

□ तटस्थ

□ सहमत

□ पूर्ण सहमत

२.३ तपाईंले संस्कृतिको संरक्षणको क्षेत्रमा गरेका कुनैपनि योगदानको संक्षिप्त विवरण दिनुहोस्।

क)

ख)

ग)

घ)

ङ)

सांस्कृतिक कार्यक्रममा युवा सहभागिताका लागि प्रेरक तथा अवरोधक तत्वहरू

३) सांस्कृतिक कार्यक्रमहरूमा युवाहरूको सहभागितालाई प्रभावपार्ने तत्वहरूका बारेमाः

३.१ तपाईंलाई सांस्कृतिक कार्यक्रममा सहभागी हुन प्रेरित गर्ने मुख्य कारणहरू के के हुन् ?

□ संस्कृतिप्रति व्यक्तिगत रूची

□ परिवार, समाज तथा साथीहरूको प्रेरणा

□ सामुदायिक पहिचान प्रतिको सम्भावना

□ सामाजिक संजाल वा मिडियाको प्रभाव

□ सम्मान वा पुरस्कार प्राप्त हुने सम्भावना

□ आर्थिक उपार्जन

□ अन्यः ...........................................

३.२ युवाहरूलाई सांस्कृतिक कार्यक्रममा सहभागीता हुन प्रभाव पार्ने कारक तत्वहरू (अवरोधहरू) के के हुन् ?

क) आर्थिक अवस्थाको कमी

ख) समय अभाव

ग) पारिवारिक तथा सामाजिक सहयोग नहुनु

घ) मिडिया तथा सामाजिक सञ्जालबाट सकारात्मक सहयोग नपाउनु

ङ) सस्कृति सम्बन्धी पर्याप्त ज्ञानको कमी

च)अन्य भए लेखुहोस् ......................................

३.३ सांस्कृतिक कार्यक्रममा सहभागीता हुन तपाईले देखु भएका मुख्य अवरोधहरू के हुन् ?

क)

ख)

ग)

घ)

ङ)

च)

छ)

मौलिक संस्कृतिमा युवा आकर्षणका लागि आवश्यक नीति तथा कार्यक्रमहरू"

४) मौलिक सांस्कृतिक प्रति युवाहरूलाई आकर्षित गर्न अवलम्बन गर्नुपर्ने नीति तथा कार्यक्रमहरूः

४.१ तपाईंको विचारमा संकृतिको संरक्षणमा युवाहरूलाई आकर्षित गर्न सबैभन्दा प्रभावकारी उपाय कुन हो ?

☐ शैक्षिक पाठ्यक्रममा सांस्कृतिक विषय समावेश

☐ आर्थिक सहयोग वा छात्रवृत्ति प्रदान

☐ सामाजिक सञ्जाल मार्फत प्रचार/प्रसार

☐ स्थानीय सरकारद्वारा संस्कृति सम्बन्धी पर्याप्त कार्यक्रमहरूको आयोजना

☐ आवश्यक प्रशिक्षणको व्यवस्था

☐ अन्य भए लेखुहोस्

४.२ संस्थागत कार्यक्रमहरूले युवालाई मौलिक संस्कृति तर्फ आकर्षित गर्न सफल भएका छन्, छान्नुहोस् ।



सांस्कृतिक संस्थान २०२३

☐ बिल्कुल असहमत

☐ असहमत

☐ तटस्थ

☐ सहमत

☐ पूर्ण सहमत

४.३ तपाईंको सुझावमा युवाहरूलाई यस क्षेत्रमा सहभागी गरौं सरकार वा संस्थाहरूले के कस्तो नीति वा कार्यक्रम ल्याउनु उपयुक्त हुन्छ ?

क)

ख)

ग)

घ)

ङ)

च)

छ)

ज)

झ)

संस्कृतिमा आधारित उद्यमशीलता प्रवर्धनमा युवाको सम्भावित योगदान

५) संस्कृतिको संरक्षण र सम्बर्धन मार्फत उद्यमशीलता प्रवर्धनमा योगदान भए नभएको बारेः

५.१ तपाईंको समुदायमा संस्कृतिसँग सम्बन्धित के कस्ता उद्यमहरू विकास भएका छन् ?

क)

ख)

ग)

घ)

ङ)

च)



सांस्कृतिक संस्थान २०२२

५.२ संस्कृतिको संरक्षणले युवा उद्यमशीलताको अवसर बढाउँछ । तपाईलाई के लाग्छ ?

☐ बिल्कुल असहमत

☐ असहमत

☐ तटस्थ

☐ सहमत

☐ पूर्ण सहमत

५.३ तपाईंको विचारमा संस्कृतिमा आधारित उद्यमशिलता विकास गर्न के गर्न सकिन्छ ?

क)

ख)

ग)

घ)

ङ)

च)

छ)

सहभागीताको निम्ति धन्यवाद ! तपाईको सांगीतिक जीवन सफल रहोस् ।

हस्ताक्षर

हस्ताक्षर

सहभागी व्यक्ति / समुह

अनुसन्धानकर्ता



सांस्कृतिक संस्थान २०२२

**अनुसन्धानमा सहभागी १६ देखि ४० वर्ष विचका युवायुवतीहरूको विवरण**

| क.सं. | सहभागीहरू (संकेत नं.) | लिङ्ग | जातजाती | जिल्ला | विधा वा विषय |
|---|---|---|---|---|---|
| १. | ००१ | पुरूष | जनजाती | काठमाडौं | थँबहि ल्याय्म्ह पुचः मचा ववः |
| २. | ००२ | महिला | जनजाती | काठमाडौं | लोक संस्कृति |
| ३. | ००३ | पुरूष | ब्राह्मण | स्याङ्जा | लोकगीत रचनाकार |
| ४. | ००४ | पुरूष | दलित | बर्दिया | लोक |
| ५. | ००५ | पुरूष | ब्राह्मण | बर्दिया | लोक नृत्य |
| ६. | ००६ | पुरूष | ब्राह्मण | इलाम | लोक संगीत संयोजन |
| ७. | ००७ | पुरूष | जनजाती | काठमाडौं | लोक भजन |
| ८. | ००८ | पुरूष | जनजाती | गोरखा | बाँसुरी वादन/निर्माण |
| ९. | ००९ | पुरूष | जनजाती | गोरखा | वाद्यवादन/धिमे |
| १०. | ००१० | महिला | जनजाती | पाँचथर | नृत्य ( राउटे ) |
| ११. | ००११ | पुरूष | ब्राह्मण | गुल्मी | रंगदर्पण समुह |
| १२. | ००१२ | पुरूष | जनजाती | रोल्पा | नृत्य ( लोक ) |
| १३. | ००१३ | पुरूष | जनजाती | ललितपुर | पालम गायन |
| १४. | ००१४ | पुरूष | मधेशी | धनुषा | नेवारी नृत्य(माक्स ) |
| १५. | ००१५ | पुरूष | जनजाती | काठमाडौं | नृत्य(राजवंशी समुदाय |
| १६. | ००१६ | महिला | जनजाती | कैलाली | लोकगायन ( थारु समुदाय) |

| | | | | | |
|---|---|---|---|---|---|
| १७. | ००१७ | महिला | दलित | तनहुँ | मौलिक गायन/वाद्यवादन(नेवारी) |
| १८. | ००१८ | पुरूष | जनजाती | सुर्खेत | मादल वादन |
| १९. | ००१९ | महिला | जनजाती | काठमाडौं | लोक दोहोरी गायन |
| २०. | ००२० | महिला | जनजाती | भक्तपुर | चर्या नृत्य ( उपत्यका ) |
| २१. | ००२१ | महिला | ब्राह्मण | गुल्मी | सारङ्गी वादन महिला ) |
| २२. | ००२२ | महिला | ब्राह्मण | काठमाडौं | सांस्कृतिक क्षेत्रभन्दा बाहिरवाट |
| २३. | ००२३ | महिला | ब्राह्मण | काठमाडौं | सांस्कृतिक क्षेत्रभन्दा बाहिरवाट |

सहभागीहरूको जनजातीगत विवरण

| सहभागी विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| जनजाती | १३ | ५६.५३ |
| ब्राह्मण | ७ | ३०.४४ |
| दलित | २ | ८.६९ |
| मधेशी | १ | ४.३४ |
| **जम्मा** | **२३** | **१००** |

सहभागीहरूको लैङ्गिक विवरण

| सहभागी विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| महिला | ९ | ३९.१४ |
| पुरूष | १४ | ६०.८६ |
| **जम्मा** | **२३** | **१००** |



सांस्कृतिक संस्थान २०२२

# हार्दिक कृतज्ञता

वि.सं. २०१६ सालमा स्थापित 'राष्ट्रिय नाचघरलाई समग्र नेपाली संस्कृतिको संस्थागत विकासका लागि सञ्चार संस्थान ऐन, २०२८ अनुसार वि.सं २०२९ साल असार ५ गते नाम परिमार्जन सहित "सांस्कृतिक संस्थान" को रूपमा पुनर्गठन भएको हो । सांस्कृतिक संस्थान नेपालको पहिचानयुक्त सिर्जनशील कला सजीव रूपमा प्रदर्शनी गर्ने अभिभारा बोकेको संस्कृति सम्बन्धी नेपाल सरकारको एकमात्र ज्येष्ठ निकाय हो। नेपाल सरकारको पूर्ण स्वामित्व रहेको सांस्कृतिक संस्थानले स्थापनाकालदेखि संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणका लागि नेपाल सरकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका राष्ट्रको पहिचान झल्किने लोकसंस्कृति सम्बन्धी कार्यक्रमहरू राज्यका महत्त्वपूर्ण कार्यक्रम, सभा, समारोह, पर्व एवम् अन्य विशेष अवसरमा प्रदर्शन गर्दै गौरवमय ईतिहास कायम राखेको छ। सांस्कृतिक संस्थानको प्रमुख उद्देश्य सांस्कृतिक नवजागरण गराई सांस्कृतिक कार्यक्रम प्रस्तुत गरी सर्वसाधारणलाई स्वस्थ मनोरञ्जन उपलब्ध गराउनुका साथै नेपालको पहिचानयुक्त सजीव लोकसंस्कृतिलाई प्रस्तुतिका माध्यमबाट संस्थागत रूपमा संरक्षण तथा प्रवर्द्धन गरी नयाँ सभ्य संस्कृति निर्माण गर्नु हो ।

सांस्कृतिक संस्थानले माथि उल्लेखित कामका अलावा नेपालका विभिन्न जातजाति र समुदाय स्तरमा रहेका परमपरागत तथा ऐतिहासिक लोक कला र संस्कृतिको अनुसन्धान गर्दै ती संस्कृतिहरुलाई प्रयोगात्मक रुपमा ग्रहण गरि देश तथा विदेशमा सरकारी वा गैर सरकारी निकायहरुवाट आयोजना गरिने विभिन्न सभा तथा समारोहहरुमा प्रस्तुत गर्दै नेपाली कला र संस्कृतिको संरक्षण गर्दै आईरहेको छ।

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयले नेपालमै रहेर संस्कृतिको क्षेत्रमा काम गर्दै आईरहेका १६ देखि ४० वर्ष विचका युवाहरुको विचमा रहेर अनुसन्धान गर्ने गरि **सांस्कृतिक कार्यक्रममा युवाहरुको सहभागिता अनुसन्धान** विषयमा अनुसन्धान गरि आवस्यक विवरण प्राप्त गर्ने उद्देश्यले सांस्कृतिक संस्थानलाई जिम्मेवारी प्रदान गर्नु भएकोमा युवा तथा खेलकुद मन्त्रालय प्रति हार्दिक आभार सहित हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु। यस जिम्मेवारीलाई सांस्कृतिक संस्थानले एक महत्वपुर्ण अवसरको रुपमा लिई अत्यन्त सुक्ष्म ढंगवाट काम सम्पन्न गरेको जानकारी गराउन

चाहन्छु। यस कार्यलाई मात्र औपचारीकताको रुपमा नलिई कार्य सम्पन्न पश्चात बन्ने अनुसन्धानात्मक दस्तावेजले नेपालमा सांस्कृतिक कार्यक्रममा युवाहरुको सहभागितालाई एकिन गर्ने र सो क्रममा लोक संस्कृतिका विभिन्न बिधावाट प्रतिनिधि मुलक रुपमा गराईएका सहभागिहरुबाट आएका विचार तथा सल्लाह सुझाबहरुबाट आगामी दिनमा समेत महत्वपुर्ण मार्गदर्शन गर्ने हुनाले यो दस्तावेजिकरण आगामी दिनहरुमा अझ प्रभावकारी र महत्वपुर्ण बन्नेमा दुईमत छैन। यस क्षेत्रमा युवाहरुको सहभागिता बृद्धि गर्नको निम्ति युवाहरुको हकहितको क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी निकायहरुवाट आवश्यक उचित श्रोत तथा साधनको विनियोजनमा अझ बृद्धि गरि विभिन्न कार्यक्रमहरु ल्याई युवाहरुलाई सहभागि गराउदै अंगाडि बढेको खण्डमा नेपाली संस्कृतिको जगेर्ना संगै यस क्षेत्रमा युवाहरुको आकर्षण समेत बढ्ने देखिन्छ।

अन्त्यमा यस महत्वपुर्ण कार्यको निम्ति सांस्कृतिक संस्थानलाई जिम्मेवारी प्रदान गरेकोमा युवा तथा खेलकुद मन्त्रालय प्रति सांस्कृतिक संस्थान परिवार हार्दिक आभार सहित हार्दिक कृतज्ञता प्रकट गर्दछ। साथै सांस्कृतिक संस्थानको आग्रहलाई स्विकार गर्दै यस अनुसन्धान कार्यमा सहभागि भई अमुल्य सहयोग गर्नुहुने युवायुवतीहरु सहित यस कार्यमा आफ्नो महत्वपुर्ण सहयोग सहित योगदान दिनुहुने सबैमा हार्दिक धन्यवाद समेत व्यक्त गर्न चाहन्छु। आगामि दिनहरुमा पनि यस किसिमका अनुसन्धानात्मक कार्यक्रमको साथमा नेपाली मौलिक संस्कृतिको प्रदर्शनको निम्ति समेत युवा तथा खेलकुद मन्त्रालय संग सधैव सहकार्य गर्दै अंगि बढ्न तयार रहेको समेत जानकारी गराउन चाहन्छु।

धन्यवाद!

महाप्रबन्धक

..........................

किरणबाबु पुन

(महाप्रवन्धक)

सांस्कृतिक संस्थान

# सांस्कृतिक कार्यक्रममा युवाहरूको सहभागिता

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
युवा उद्यमशीलता, विकास तथा लगानी प्रवर्धन शाखा
सिंहदरवार, काठमाडौं




<u>प्रस्तुतकर्ता</u>

सांस्कृतिक संस्थान
जमल, काठमाडौं
२०८२

विषय सूची

कार्यकारी सारांश ..... ३

खण्ड क ..... ५

परिचय ..... ५

१.१. पृष्ठभूमि ..... ५

१.२. अनुसन्धानको उद्देश्य ..... ५

१.३. अनुसन्धानका प्रश्नहरू ..... ६

१.४. अनुसन्धान विधि ..... ६

१.५. अनुसन्धानको सीमा ..... ८

खण्ड ख ..... ९

पुर्व अध्ययनको समीक्षा ..... ९

२. सैद्धान्तिक पृष्ठभूमि तथा अध्ययनको समीक्षा ..... ९

खण्ड ग ..... ११

तथ्यांकको प्रस्तुतिकरण तथा विश्लेषण ..... ११

३.१. सांस्कृतिक कार्यक्रममा युवा सहभागिताको अवस्था र रूची ..... ११

३.२. संस्कृतिको संरक्षण र प्रवर्धनमा युवाको योगदान र भूमिका ..... १४

३.३. सांस्कृतिक कार्यक्रम र युवा सहभागितामा प्रेरणा ..... १८

  ३.३.१. सांस्कृतिक कार्यक्रम सहभागितामा प्रभाव पार्ने तत्वहरू ..... १९

  ३.३.२. सांस्कृतिक कार्यक्रम सहभागितामा हुने अवरोधहरू ..... २१

३.४. संस्कृतिको संरक्षणमा युवा आकर्षण ..... २२

  ३.४.१. संस्थागत कार्यक्रमहरूले गर्ने आकर्षणको स्तर ..... २४

  ३.४.२. युवा सहभागिता बढाउने नीति र कार्यक्रम ..... २५

३.५. संस्कृतिमा आधारित उद्यमशीलता र युवाको सम्भावित योगदान ..... २७

  ३.५.१. संस्कृतिको संरक्षणले युवा उद्यमशीलताको अवसर ..... २८

  ३.५.२. संस्कृतिको संरक्षणले युवा उद्यमशीलताको अवसर ..... २९

खण्ड घ ........ ३२

निष्कर्ष तथा सिफारिसहरू ........ ३२

४.१. अनुसन्धानको निष्कर्ष ........ ३२

४.२. सुझावहरू ........ ३३

४.२.१. शैक्षिक समावेशीकरण ........ ३३

४.२.२. क्षमता विकास र तालिम ........ ३३

४.२.३. स्थानीय सरकारको भूमिका ........ ३३

४.२.४. उद्यमशीलता र रोजगारी ........ ३४

४.२.५. प्रचारप्रसार र सामाजिक सञ्जाल ........ ३४

४.२.६. नीति निर्माण र कानुनी संरचना ........ ३४

सन्दर्भ सामग्रीहरू ........ ३५

अनुसूचीहरू ........ ३६



सांस्कृतिक संस्थान २०२२

## कार्यकारी सारांश

नेपाल बहुसांस्कृतिक, बहुभाषिक र बहुधार्मिक समाज हो, जहाँ प्रत्येक समुदायको विशिष्ट सांस्कृतिक धरोहर विद्यमान छ । पछिल्लो समय प्रविधिको विकास, पश्चिमी प्रभाव र सामाजिक सञ्जालको वर्चस्वका कारण युवाहरूको मौलिक संस्कृति प्रतिको रुचिमा ह्रास आएको देखिन्छ । अबका युवाहरूलाई सांस्कृतिक कार्यक्रममा सहभागी बनाउदै उनीहरूको कला र संस्कृतिलाई उद्यमसँग जोड्दै लैजान आवश्यक छ भन्ने महसुस भएको छ । सोही उद्देश्यका साथ युवा तथा खेलकुद मन्त्रालयको चालु आ.व. २०८१/८२ अन्तर्गत "मौलिक सांस्कृतिक कार्यक्रममा युवाको सहभागिता" विषयमा लघु अनुसन्धान गरेको हो । यस अनुसन्धानको उद्देश्य युवाहरूको सांस्कृतिक कार्यक्रममा सहभागिता, योगदान, प्रेरक तथा बाधक तत्वहरू पहिचान गरी उद्यमशीलता विकास गर्न नीतिगत सिफारिसहरू प्रस्तुत गर्नु हो ।

अनुसन्धानमा गुणात्मक विधि प्रयोग गरिएको छ । जसअन्तर्गत संरचित प्रश्नावलीको माध्यमबाट काठमाडौं उपत्यकासहित सातवटै प्रदेशबाट १६-४० वर्ष उमेर समूहका सहभागीहरूसँग तथ्यांक संकलन गरिएको छ । व्यक्तिगत अन्तर्वार्ता र समूह विचारमार्फत प्राप्त अभिव्यक्तिहरूको विषयगत विश्लेषण गरिएका छन् । अध्ययनमा सामाजिक समावेशिता, लैङ्गिक सन्तुलन तथा भौगोलिक विविधतालाई ध्यान दिइएको छ ।

अनुसन्धानबाट प्राप्त निष्कर्षहरूमा अधिकांश युवाहरू सांस्कृतिक कार्यक्रममा नियमित सहभागिता जनाइरहेको, स्वयंसेवक, आयोजक, प्रचारक र रचनात्मक भूमिकामा अग्रसर रहेको पाइएको छ । सांस्कृतिक संरक्षणलाई उनीहरूले उद्यमशीलताको सम्भावना रूपमा हेरेका छन्‘जसमा होमस्टे, परम्परागत खाना, वाद्ययन्त्र निर्माण, हस्तकला आदिको व्यवसायिक प्रयोग उल्लेख्य देखिएको छ । तर आवश्यक स्रोत, संरचना, तालिम र संस्थागत समर्थनको अभावले उनीहरूको सहभागिता र योगदानलाई सिमित बनाएको देखिन्छ ।

अनुसन्धानले शिक्षा प्रणालीमा सांस्कृतिक विषय समावेश, सीप विकास तालिम, स्थानीय सरकारको सक्रियता, प्रचारप्रसारको सशक्तिकरण, उद्यमशीलता प्रवर्द्धन र नीतिगत सुधारलाई प्रमुख सुधारको विषयका रूपमा प्रस्तुत गरेको छ । संस्कृति प्रतिको युवाको लगावलाई दीर्घकालीन रूपमा संस्थागत गर्न सहुलियत ऋण, रोजगारी कार्यक्रम र डिजिटल प्रविधिको उपयोग अपरिहार्य देखिन्छ ।



सांस्कृतिक संस्थान २०२२

यस अनुसन्धानले राष्ट्रिय संस्कृति नीति, २०८१ को कार्यान्वयनमा युवा सहभागिता सशक्त बनाउने दिशामा मार्गनिर्देशन दिन सक्छ । संस्कृति केवल पहिचानको विषय होइन, यो सामाजिक—आर्थिक रूपान्तरणको आधार पनि बन्नसक्ने स्पष्ट संकेत यस अध्ययनले दिएको छ । उनीहरूमा आत्मस्फूर्त अभिरूची त छ तर संस्थागत सहयोगको कमि छ । सांस्कृतिक कार्यक्रमलाई आर्थिक स्रोतसँग जोड्दा मात्र दीर्घकालीन लाभ लिन सकिन्छ । युवाहरूको उद्यमशीलता, स्वरोजगार र नयाँ व्यवसायको विकास गर्न संस्कृति एउटा गतिशील आधार हुन सक्छ ।



सांस्कृतिक संस्थान २०२२

# खण्ड क

# परिचय

## १.१. पृष्ठभूमि

संस्कृतिले समाजको मौलिकता, पहिचान र इतिहास बोकेको हुन्छ । सांस्कृतिक कार्यक्रमहरूमार्फत संस्कृति जीवन्त हुन्छ । नेपालजस्तो बहुसांस्कृतिक देशमा युवाहरूको सक्रिय सहभागिता संस्कृतिको संरक्षण, प्रवर्द्धन तथा हस्तान्तरणको आधारशिला हो ।

वहुजातीय, बहुभाषिक र बहुधार्मिक देश नेपालका हरेक समुदायको छुट्टाछुट्टै सांस्कृतिक धरोहर छ । पछिल्लो समयमा पश्चिमीकरण, प्रविधिको प्रभाव र सामाजिक सञ्जालको बढ्दो उपयोगले युवाहरूको सांस्कृतिक रूचीमा ह्रास आएको देखिन्छ । यस्तो परिस्थितिमा युवाहरूको मौलिक सांस्कृतिक कार्यक्रममा सहभागिता के कस्तो छ, कति सक्रिय छन्, र त्यसमा असर पार्ने कारणहरू के हुन् भन्ने बुझ्न सबैभन्दा महत्त्वपूर्ण पक्ष हो ।

सोही मर्मलाई आत्मसात गर्दै युवा तथा खेलकुद मन्त्रालयको चालु आ.व. २०८१/८२ को स्वीकृत कार्यक्रम अन्तर्गत सांस्कृतिक कार्यक्रममा युवाको सहभागिता अनुसन्धान कार्यक्रम तय गरिएको हो । नेपाल सरकारले राष्ट्रिय संस्कृति नीति, २०६७ प्रतिस्थापन गरी राष्ट्रिय संस्कृति नीति २०८१ को मस्यौदा तयार गरिसकेको अवस्था छ । नीतिको सफल कार्यान्यवनका लागि संस्कृतिको संरक्षण गर्ने काममा युवाहरूको चासो बुझ्नु अति नै जरूरी हुन्छ । सांस्कृतिक संरक्षण, सम्बर्द्धन र विकासमा युवाको भूमिका महत्वपूर्ण मानिन्छ । त्यसैले, सांस्कृतिक कार्यक्रममा युवाको सहभागिताको अवस्थाको बारेमा विस्तृत जानकारी लिन युवाहरूको सांस्कृतिक कार्यक्रममा सहभागिता अनुसन्धान गर्न यो लघु अनुसन्धान गरिएको छ ।

## १.२. अनुसन्धानको उद्देश्य

यस अनुसन्धानको उद्देश्य निम्नानुसार रहेका छन्:

१) मौलिक सांस्कृतिक कार्यक्रममा युवाको सहभागिताको अवस्था यकिन गर्नु ।

२) संस्कृतिको संरक्षण तथा सम्बर्द्धनमा युवाले पुर्याएको योगदानको जानकारी लिने ।

३) सांस्कृतिक कार्यक्रममा युवाहरूको सहभागितालाई प्रभाव पार्ने तत्वहरूको पहिचान गर्ने।

४) मौलिक संस्कृतितर्फ युवाहरूलाई आकर्षित गर्न अवलम्बन गर्नु पर्ने नीति तथा कार्यक्रमको वारे पृष्ठपोषण प्राप्त गर्ने ।

५) सांस्कृतिक संरक्षण र सम्बर्द्धन मार्फत उद्यमशीलता प्रवर्द्धनको योजना भए नभएको यकिन गर्ने ।

## १.३. अनुसन्धानका प्रश्नहरू

यस अनुसन्धानका लागि तय गरिएका उद्देश्य अनुरूप निम्नानुसारका प्रश्नहरू निर्माण गरी तिनको उत्तर खोज्ने प्रयास गरिएको छः

१) हालका मौलिक सांस्कृतिक कार्यक्रममा युवाहरूको सहभागिता कस्तो छ?

२) युवाहरूले मौलिक संस्कृतिको संरक्षणमा के—कस्ता प्रयासहरू गरिरहेका छन्?

३) युवाहरूको सांस्कृतिक कार्यक्रममा सहभागितामा सबैभन्दा बढी प्रभाव पार्ने सामाजिक, आर्थिक, शैक्षिक वा पारिवारिक तत्वहरू के के हुन्?

४) युवाहरूको नजरमा कसरी कार्यक्रमहरू अझ प्रभावकारी बनाई उनीहरूलाई आकर्षण गर्न सकिन्छ?

५) के सांस्कृतिक कार्यक्रमहरूबाट युवाहरूले उद्यमशीलता विकास गर्न पाएका छन्?

यिनै मूल प्रश्नका आधारमा थप सहायक प्रश्नहरू समेत तयार गरी सहभागीहरूसँग जवाफ लिइएको छ ।

## १.४. अनुसन्धान विधि

यो अनुसन्धान गुणात्मक विधिमा आधारित भएर गरिएको छ । गुणात्मक अनुसन्धान वर्णनात्मक तथा व्याख्यात्मक प्रकृतिको हुन्छ । यसले सहभागीहरूका अनुभव र बुझाइहरूको माध्यमबाट अनुसन्धान विषयलाई गहन विश्लेषण गर्न मद्दत गर्छ । अध्ययनको विषयसँग



सांस्कृतिक संस्थान २०२२

सम्बन्धित अनुभव, दृष्टिकोण र सामाजिक सन्दर्भको गहिरो विश्लेषण गर्नका लागि गुणात्मक विधि उपयुक्त विधि हो । प्राथमिक तथ्यांक संकलनका लागि संरचित प्रश्नावली विधि प्रयोग गरिएको छ । निर्धारित प्रश्नावलीका आधारमा सम्पन्न गरिने यस तथ्यांक संकलन विधिले सहभागीको स्वतन्त्र अभिव्यक्ति सुनिश्चित गर्दछ ।

यस अनुसन्धानका लागि १६ देखि ४० वर्ष उमेर समूहका २३ जना सहभागीहरू छनोट गरिएको छ । सहभागीलाई केही व्यक्तिगत रुपमा र केही सामुहिक रूपमा गरी संरचित प्रश्नावलीमार्फत उत्तर लिने कार्य गरिएको छ । जसमा २० जना व्यक्तिहरूलाई व्यक्तिगत र ३ वटा समूह केन्द्रित छलफल गरी प्रनावाली अनुरूप नै अनुसन्धानको लागि तथ्यांक संकलन गरिएको छ ।

सहभागीहरूमध्ये जनजाती १३, ब्राह्मण ७, दलित २, मधेशी १ गरी कुल २३ जना छन् जसमा ९ जना महिला र १४ जना पुरूष युवाहरू रहेका छन् । यस अनुसन्धानको लैङ्गिक सहभागितामा महिलाको प्रतिनिधत्व झन्डै ४० प्रतिशत र युवाको ६० प्रतिशत प्रतिनिधित्व रहेको छ । यसै गरी जातजातीगत प्रतिनिधित्वको प्रतिशत अनुसूचीमा समावेश गरिएको छ ।

मौलिक कला संस्कृतिको हिसाबले काठमाडौं उपत्यका निकै महत्त्वपूर्ण भएतापनि सातैवटा प्रदेशको प्रतिनिधित्व सुनिश्चित गरी स्थलगत अनुसन्धान गरिएको छ । काठमाडौं उपत्यका सहित देशभरीका परम्परागत र मौलिक खालका सांस्कृतिक कार्यक्रमहरूमा सम्बद्ध कलाकारहरू, दर्शक र समीक्षकसमेतलाई यस अनुसन्धानमा समावेश गरिएको छ । त्यस्तै, सहभागी छनोट गर्दा सामाजिक समावेशिता र लैङ्गिक अनुपातलाई समेत ध्यान दिइएको छ ।

सङ्कलित तथ्यांकलाई विषयगत विश्लेषणको माध्यमबाट विश्लेषण गरिएको छ । प्रश्नावलीबाट प्राप्त अभिव्यक्तिहरूलाई कोडिङ (coding) गरी प्रमुख विषयहरू निकालिएका छन् । विषयगत विश्लेषण गरी सोही अनुरूप निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । तथ्यांक विश्लेषणका साथै चित्रगत प्रस्तुति, बार ग्राफ आदि विधि अपनाइएको छ । यस लघु अनुसन्धान प्रतिवेदनमा तथ्यांक संकलनको क्रममा स्थलगत भ्रमण र अन्तरक्रिया गर्दा लिइएका फोटोहरू, अनुसन्धानका लागि प्रयोग गरिएको प्रश्नावली, सहभागीहरूको विवरण लगायतका विषय अनुसूचीमा समेटिएको छ ।



सांस्कृतिक संस्थान
२०२२

## १.५. अनुसन्धानको सीमा

यस लघु अनुसन्धान छोटो समय, सिमित वित्तीय सहयोग, निश्चित स्थान र निर्धारित उद्देश्यका लागि गरिएको कारण यसबाट प्राप्त निष्कर्षहरूले कला र संस्कृतिका सबै पक्ष र क्षेत्रहरू समेट्न सकेको छैन ।

# खण्ड ख

# पुर्व अध्ययनको समीक्षा

## २. सैद्धान्तिक पृष्ठभूमि तथा अध्ययनको समीक्षा

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक देश हो । यहाँका जातजाति, समुदाय, क्षेत्रीय समूहहरूले आ-आफ्नो मौलिक भाषा, भेषभूषा, नाचगान, गीत, परम्परा र पर्वहरूमार्फत सांस्कृतिक धरोहरलाई जीवित राखेका छन् । तर पछि दशकहरूमा विशेषतः सहरिया युवापुस्तामा सांस्कृतिक कार्यक्रममा सक्रिय सहभागिता घट्दै गएको अनुभव गर्नसकिन्छ ।

युवाहरू राष्ट्रको भविष्य मात्र होइन, संस्कृतिको संवाहक र संरक्षक पनि हुन् । यद्यपि, तीमध्ये धेरैजसो युवाहरू आधुनिकता, पाश्चात्य प्रभाव, प्रविधि, ग्लोबल संस्कृतिप्रति आकर्षित हुँदै जाँदा आफ्नै मौलिक संस्कृतिप्रति विमुख हुँदै गएका देखिन्छन् । यस्ता प्रवृत्तिका बीचमा पनि केहि युवाहरूले मौलिक संस्कृति जगेर्ना र प्रस्तुतिमा सराहनीय योगदान दिँदै आएका छन् ।

सांस्कृतिक सहभागिता र संरक्षणका सवालमा विभिन्न विद्वान्हरूले महत्वपूर्ण धारणा दिएका छन् । युनेस्को (२००९) का अनुसार, "Culture is both an enabler and a driver of development" भनिएको छ । यसबाट बुझिन्छ कि सांस्कृतिक चेतना विकासको आधार हो र विकास प्रक्रियामा संस्कृति स्वयं एउटा उत्प्रेरकका रूपमा क्रियाशील हुन्छ । विशेषगरी युवाहरूमा चेतना निर्माण, सामाजिक समावेशिता, पहिचान र सिर्जनशीलताको विकासमा सांस्कृतिक सहभागिता निर्णायक भूमिका खेल्छ ।

नेपालमा विभिन्न जातजातिका मौलिक संस्कृतिहरू छन्, तर युवाहरूलाई त्यसप्रति आकर्षित गर्न नीतिगत पहल कम देखिन्छ । नेपालको सांस्कृतिक नीतिमा स्पष्ट उल्लेख गरिएको छ कि संस्कृतिको विकास तथा संरक्षणको लागि युवाको सक्रिय सहभागिता अपरिहार्य छ (Ministry of Culture, Tourism and Civil Aviation, 2010). यस्तै शिक्षा प्रणालीमा संस्कृति विषयको अभावले युवामा चेतनाको कमी भएको पाइन्छ (Koirala, २०१८) । विद्यालय तहदेखि संस्कृतिको महत्व बुझाउने पाठ्यक्रम नहुँदा युवाहरू अज्ञान र विमुख हुने प्रवृत्ति देखिन्छ ।



सांस्कृतिक संस्थान २०२२

स्थानीय तहमा सांस्कृतिक कार्यक्रमहरू आयोजन हुने भए तापनि पर्याप्त बजेट अभाव, तालिम अभाव, र संस्थागत समन्वयको कमीले युवालाई आकर्षण गर्न सकेको छैन (Gurung, २०२०) । युवाहरूलाई मौलिक कला, नृत्य, भाषा, वाद्ययन्त्र, भेषभूषालाई आधार बनाएर उद्यमशीलताको अवसर निर्माण गर्न सकिन्छ भन्ने दृष्टिकोणलाई 'सांस्कृतिक उद्यमशीलता' भनिन्छ (Adhikari, २०२१) । तर यसका लागि नीतिगत सहयोग र आर्थिक लगानी जरुरी छ । एकातर्फ सामाजिक सञ्जालले मौलिक सांस्कृतिक प्रस्तुतिहरू प्रचार गर्न सक्ने प्लेटफर्म दिएको छ, अर्कोतर्फ यसै माध्यममार्फत पश्चिमी संस्कृति र मनोरञ्जनले युवालाई विचलित पनि पारेको छ (Thapa, २०१७) । यही विषम परिस्थितिबाट नेपालको संस्कृतिको संरक्षण र जगेर्ना गर्ने कार्यमा युवाको सहभागिता अभिवृद्धि गर्नु चुनौतीपूर्ण छ । युवा सहभागिता बढाउने प्रभावकारी माध्यमहरूमध्ये सांस्कृतिक क्रियाकलापलाई उद्यम र आय-आम्दानीसँग जोड्नु पनि एक हो ।

## खण्ड ग

# तथ्यांकको प्रस्तुतिकरण तथा विश्लेषण

यस खण्डमा अनुसन्धानमा उल्लेखित विधि अनुरूप संकलन गरिएका तथ्यांकहरूको चित्रात्मक र तालिकाबद्ध प्रस्तुति गरिएको छ । तथ्यांकलाई प्रस्तुत गर्नु अगाडी विषयगत रुपमा विभाजन (coding) गरी विभिन्न शीर्षक र उपशीर्षकमा व्याख्या गरिएको छ । यसरी प्रस्तुत तथ्यांकको विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

## ३.१. सांस्कृतिक कार्यक्रममा युवा सहभागिताको अवस्था र रूची

मौलिक सांस्कृतिक कार्यक्रमहरूमा युवाहरूको सहभागितालाई बुझ्न र उनिहरूको त्यसप्रतिको रुचीलाई हेर्नका लागि तपाईंले पछिल्लो एक वर्षमा मौलिक सांस्कृतिक कार्यक्रममा कति पटक सहभागी हुनुभएको छ? भन्ने प्रश्नमार्फत सहभागीबाट जवाफ खोजिएको थियो । त्यसको जवाफमा भएको छैन, १–२ पटक, ३–५ पटक र ६ भन्दा धेरै पटक गरी चारवटा समूहमा उत्तर मागिएको थियो ।

*चित्र १: एक वर्षको अवधिमा मौलिक सांस्कृतिक कार्यक्रमहरूमा युवाहरूको सहभागिता*




स्रोतः प्रश्नावली सर्वेक्षण, २०८२

सो अनुसार ६ भन्दा धेरै पटक सहभागी हुने सबैभन्दा धेरै ६५.२२ प्रतिशत सहभागी छन् । यसबाट बुझ्न सकिन्छ कि अधिकांश सहभागीहरूले पछिल्लो एक वर्षमा ६ भन्दा धेरै पटक मौलिक सांस्कृतिक कार्यक्रममा सहभागिता जनाएका छन् । यस्तै १३/१३ प्रतिशत सहभागीहरू मात्र १-२ पटक वा ३-५ पटक सहभागी भएका छन्, र झन्डै ९ प्रतिशत जतिले मात्र कुनै सहभागिता नभएको बताएका छन् । यसले देखाउँछ कि मौलिक सांस्कृतिक कार्यक्रममा सहभागीहरूको सक्रियता उच्च छ र निरन्तर सहभागिता जनाउने प्रवृत्ति बलियो छ ।

यसैगरी तपाईं मौलिक सांस्कृतिक कार्यक्रममा सक्रिय रूपमा सहभागी हुन कति इच्छुक हुनुहुन्छ? भन्ने प्रश्न मार्फत उनीहरूको सहभागितामा सक्रियता र चाहना कति छ, त्यो खोज्ने प्रयास गरिएको थियो । जसमा बिल्कुल असहमत, असहमत, तटस्थ, सहमत र पूर्ण सहमत गरी पाँच तहमा प्रतिक्रिया मागिएकोमा निम्नानुसार उत्तर प्राप्त भएको थियो ।

*चित्र २: मौलिक सांस्कृतिक कार्यक्रममा सक्रिय रूपमा सहभागी हुने चाहना*




स्रोतः प्रश्नावली सर्वेक्षण, २०८२

"पूर्ण सहमत" मा सबैभन्दा धेरै करिब ७४ प्रतिशत प्रतिक्रिया आएका छन् । मौलिक सांस्कृतिक कार्यक्रममा सक्रिय रूपमा सहभागी हुन "सहमत" मात्र हुनेमा करिब २२ प्रतिशत युवाहरू रहेका छन् । "असहमत" र "बिल्कुल असहमत" मा कुनै प्रतिक्रिया छैन । यसको

अर्थ, अधिकांश सहभागीहरू मौलिक सांस्कृतिक कार्यक्रममा सक्रिय रूपमा सहभागी हुन अत्यन्त इच्छुक छन् । थोरै सहभागीहरू तटस्थ वा सामान्य सहमत छन् । यसले देखाउँछ कि युवाहरू वा सहभागीहरूको ठूलो बहुमत मौलिक सांस्कृतिक कार्यक्रममा सहभागिता जनाउन सकारात्मक र उत्साहित छन् ।

युवाको सांस्कृतिक कार्यक्रममा सहभागी हुने चाहना देखिएता पनि अझ थप सहभागिता बढाउन के गर्न सकिन्छ भनेर समेत उनीहरूको विचार बुझ्ने प्रयास गरिएको थियो । यस भावनालाई समेट्न तपाईंको दृष्टिमा सांस्कृतिक कार्यक्रममा युवाहरूको सहभागिता बढाउन के गर्नुपर्ला? भन्ने प्रश्न सोधिएको थियो ।

युवाहरूबाट प्रस्तुत विचारमा आधारित भएर सांस्कृतिक कार्यक्रममा युवाहरूको सहभागिता बढाउनका लागि गर्नुपर्ने कामका लागि सबैभन्दा धेरै प्रतिक्रिया आएका पक्षहरूलाई यहाँ विश्लेषण गरिएको छ ।

जनचेतना अभिवृद्धि र शिक्षा, प्रशिक्षण तथा क्षमता विकास, प्रोत्साहन, सम्मान र पारिश्रमिकको व्यवस्था, युवाको नेतृत्व र सक्रिय सहभागिता, सरकारी तथा संस्थागत सहकार्य र संरचनागत सुधार जस्ता विषय मूल रूपमा उठाइएको देखिन्छ ।

विद्यालय, कलेज तथा समुदाय स्तरमा सांस्कृतिक कार्यक्रमको प्रचार-प्रसार, संस्कृतिको महत्वबारे ज्ञान प्रदान, विज्ञहरूसँग छलफल तथा कक्षा सञ्चालन, र अभिभावक-शिक्षकको सहकार्य जस्ता उपायहरूले युवामा मौलिक संस्कृतिप्रति आकर्षण बढाउन सकिन्छ । यसका साथै, सांस्कृतिक कार्यक्रमका विविध पक्ष (लोकगीत, लोकवाद्य, लोकनृत्य, आदि) सम्बन्धी प्रशिक्षण, विभिन्न जातजातिका संस्कृतिको आदान-प्रदान, र ऐतिहासिक पुस्तान्तरण विधिलाई सुदृढ पार्नुपर्ने आवश्यकता देखिन्छ ।

त्यस्तै, युवालाई प्रत्यक्ष सहभागी गराउन प्रोत्साहन र सहजीकरण अपरिहार्य छ । यसका लागि राम्रो प्रशिक्षकको व्यवस्था, नेतृत्वदायी भूमिका दिने, पुरस्कार तथा सम्मानको व्यवस्था, र कार्यक्रमपछि उचित पारिश्रमिक तथा मासिक आयको सुनिश्चितता जस्ता उपायहरू उल्लेखनीय छन् । युवाहरूको रूची अनुसार कार्यक्रम आयोजना, स्थानीय प्रतिभाको खोजी र प्रोत्साहन, तथा कार्यक्रमको स्तरवृद्धि गरी आर्थिक, सामाजिक र प्राविधिक पक्षमा समेत वृद्धि गर्नुपर्ने



सांस्कृतिक संस्थान २०२२

देखिन्छ । साथै, सांस्कृतिक क्षेत्रमा लागेका युवालाई रोजगारीको अवसर, आत्मनिर्भरता, र व्यवसायिकरणको सम्भावना समेत उजागर गर्नुपर्छ ।

सरकारी तथा गैरसरकारी निकायहरूको सक्रियता र सहकार्य समेत उत्तिकै आवश्यक छ । निजी तथा सरकारी तहबाट विभिन्न कार्यक्रम आयोजना, संघीय इकाईहरूबीच समन्वय, स्थानिय निकायको सक्रिय सहभागिता, र आवश्यक कानुनी प्रवन्ध जस्ता उपायले संरचनागत रूपमा युवालाई आकर्षित गर्न सकिन्छ । साथै, संस्कृति संरक्षणका लागि राज्यको लगानी, अनुसन्धान, प्रचार-प्रसार, र मिडिया तर्फको आकर्षणले दीर्घकालीन प्रभाव पार्न सक्छ । संस्कृति सम्बन्धी कार्यक्रमलाई सरकारी प्राथमिकता, कदर तथा सम्मान कार्यक्रम, र भविष्यका लागि स्थायी स्रोतको व्यवस्था पनि महत्वपूर्ण छन् ।

यससँगै सांस्कृतिक क्षेत्रमा युवाको सहभागिता बढाउन सरल प्रक्रिया, पारदर्शिता, युवामुखी कार्यक्रमको वृद्धि, तथा सामाजिक सञ्जाल र पर्यटकिय प्रचार जस्ता उपायहरू समेत सशक्त देखिन्छन् । नयाँ पुस्तालाई विभिन्न तालिम, अवसर, र ज्ञान प्रदान गर्दै, मौलिक संस्कृतिको संरक्षण, खोज, अनुसन्धान, तथा पुस्तान्तरणमा जोड दिनु आवश्यक छ । यसरी विविध पक्षलाई समेटेर, युवाहरूको सक्रिय सहभागिता, नेतृत्व, र सशक्तिकरणमार्फत सांस्कृतिक कार्यक्रमलाई समृद्ध बनाउन सकिन्छ ।

## ३.२. संस्कृतिको संरक्षण र प्रवर्धनमा युवाको योगदान र भूमिका

संस्कृतिको संरक्षण र प्रवर्धनमा युवाको योगदान र भूमिकालाई विश्लेषण गरी आगामी दिनमा मौलिक संस्कृतिको संरक्षण र प्रवर्धन गर्न युवाको उल्लेखनीय योगदान र भूमिकालाई प्रभावकारी बनाउनु जरूरी छ । यसै सन्दर्भमा केन्द्रित रहेर युवाहरूलाई तपाईंले पछिल्लो एक वर्षमा संस्कृतिको संरक्षण सम्बन्धी काम कुन रूपमा गर्नुभएको छ? भनेर सोधिएको थियो । यसमा बहुविकल्प छनोट गर्न सकिने उत्तरहरू दिइएको थियो भने थप स्वतन्त्र विचार राख्न समेत भनिएको थियो ।

उत्तरका विकल्पहरू स्वयंसेवकको रूपमा, कार्यक्रमको आफै आयोजना गरेर, सामाजिक सञ्जालमार्फत प्रचार गरेर, सांस्कृतिक सामाग्री निर्माणमा संलग्न भएर, होइन, कुनै योगदान गर्न



सांस्कृतिक संस्थान २०२२

पाएको छैन अथवा अन्य कुनै भए लेख्नुहोस् भनेर सोधिएकोमा प्राप्त प्रतिक्रियाहरूको विश्लेषण यहाँ गरिएको छ ।

पछिल्लो एक वर्षमा संस्कृतिको संरक्षण सम्बन्धी काममा युवाहरूले विविध रूपमा योगदान दिएका छन् । सबैभन्दा धेरैले स्वयंसेवकको रूपमा सक्रिय भएर सांस्कृतिक संरक्षणमा हातेमालो गरेको देखिन्छ । स्वयंसेवकको रूपमा काम गर्दा उनीहरूले कुनै विशेष आर्थिक लाभ नलिई पनि आफ्नो समय र ऊर्जा लगानी गरी सांस्कृतिक कार्यक्रम सञ्चालन, प्रशिक्षण, र प्रचारप्रसारमा योगदान पुऱ्याएका छन् । यसले युवाहरूको सामाजिक उत्तरदायित्व र संस्कृतिप्रतिको लगाव प्रष्ट देखाउँछ ।

दोस्रो, युवाहरूले कार्यक्रम आफैं आयोजना गरेर सांस्कृतिक संरक्षणमा भूमिका खेलेका छन् । यस्ता कार्यक्रमहरूमा मौलिक गीत, नृत्य, बाजा, र सांस्कृतिक प्रस्तुतिहरू समावेश हुन्छन् जसले समुदायमा सांस्कृतिक चेतना फैलाउने काम गर्छ । आफैं कार्यक्रम आयोजना गर्नु भनेको नेतृत्व क्षमता र संगठनात्मक कौशलको परिचायक हो, जसले सांस्कृतिक संरक्षणलाई दिगो र प्रभावकारी बनाउँछ ।

तेस्रो, सामाजिक सञ्जालमार्फत प्रचार गर्ने कार्य पनि उल्लेखनीय छ । फेसबुक, टिकटक, युट्युब जस्ता प्लेटफर्महरू प्रयोग गरी सांस्कृतिक कार्यक्रम, गीत, नृत्य, र अन्य सांस्कृतिक सामग्रीहरू पठाइएका (अपलोड वा शेयर गरिएका) छन् । यसले सांस्कृतिक संरक्षणलाई आधुनिक प्रविधिसँग जोड्दै युवा पुस्तामा पहुँच र प्रभाव बढाएको छ । सामाजिक सञ्जालको प्रयोगले सांस्कृतिक कार्यक्रमहरूलाई मात्र सीमित नराखी विश्वव्यापी स्तरमा प्रचार गर्ने अवसर दिएको छ ।

यस्तै केहीले सांस्कृतिक सामग्री निर्माणमा संलग्न भएर संरक्षणमा योगदान दिएको उल्लेख गरेका छन् । यसमा मौलिक गीत, लोकधुन, सांस्कृतिक दस्तावेज, रेकर्डिङ तथा अनुसन्धानात्मक कामहरू पर्दछन् । यस्ता प्रयासहरूले सांस्कृतिक सम्पदालाई संरक्षित राख्न र भावी पुस्तासम्म पुर्याउन मद्दत गर्छ । यद्यपि केहीले समय अभाव वा अन्य कारणले कुनै योगदान गर्न नसकेको पनि बताएका छन्, जसले सांस्कृतिक संरक्षणमा अझै व्यापक सहभागिताको आवश्यकता देखाउँछ ।



सांस्कृतिक संस्थान २०२६

समग्रमा, स्वयंसेवा, कार्यक्रम आयोजना, सामाजिक सञ्जाल प्रचार, र सामग्री निर्माण गरी युवाहरूले संस्कृतिको संरक्षणमा बहुआयामिक योगदान दिएका छन् । यी प्रयासहरूले सांस्कृतिक पहिचानलाई जगेर्ना गर्ने, संरक्षण गर्ने र प्रवर्द्धन गर्ने दिशामा ठोस भूमिका खेलिरहेका छन् ।

यस्तै अझ गहिराईमा बुझ्नका लागि युवाहरूलाई तपाईंको विचारमा युवाहरूले संस्कृतिको संरक्षण तथा प्रवर्धनमा प्रभावकारी भूमिका खेलेका छन्? तपाईलाई के लाग्छ? भन्ने प्रश्नमार्फत विचार लिइएको थियो । बिल्कुल असहमत, असहमत, तटस्थ, सहमत, पूर्ण सहमत गरी पाँच तहमा मापन गरिएको विचारहरूका विवरण यहाँ प्रस्तुत गरिएको छ ।

*चित्र ३: संस्कृतिको संरक्षण तथा प्रवर्धनमा युवाको भूमिकामा सहमति स्तर*




स्रोतः प्रश्नावली सर्वेक्षण, २०८२

यसमा प्राप्त विचारहरूका आधारमा हेर्दा सकारात्मक प्रतिक्रिया उच्च रहेको पाइयो । करिब ७४ प्रतिशत युवाहरू "पूर्ण सहमत" रहेका देखिएका छन् भने २२ प्रतिशत युवा "सहमत" छन् । "बिल्कुल असहमत" र "असहमत" हुने कुनै पनि युवा देखिएका छैनन् तर तथष्ट रहने ४ प्रतिशत रहेका छन् । यसले विषयको स्वीकार्यता उच्च रहेको संकेत गर्छ । थोरै जना मात्र तटस्थ छन्, जसले अधिकांशले स्पष्ट धारणा बनाएको देखाउँछ ।

यस्तै तपाईंले संस्कृतिको संरक्षणको क्षेत्रमा गरेका कुनैपनि योगदानको संक्षिप्त विवरण दिनुहोस् भनी सोधिएको प्रश्नको जवाफमा प्राप्त उत्तरलाई यहाँ प्रस्तुत गरिएको छ । युवाहरूले संस्कृतिको संरक्षणमा गरेका योगदानहरूको विश्लेषण गर्दा सांस्कृतिक बाजा र नृत्य सिकाउने, प्रशिक्षण दिने र प्रस्तुति गर्ने कार्यहरू व्यापक रूपमा भइरहेको छ । बाँसुरी, धिमे, सारङ्गी, मादल जस्ता मौलिक बाजाहरू सिकाएर युवाहरूलाई मात्र सांस्कृतिक ज्ञान दिन नभई रोजगारको अवसर समेत प्रदान गरिएको छ । यसले सांस्कृतिक संरक्षणलाई व्यावहारिक र दीगो बनाउने काम गरेको छ । साथै, मौलिक भेषभूषा र परम्परागत नृत्यहरूलाई विभिन्न स्थानमा प्रस्तुत गरी सांस्कृतिक पहिचानलाई मजबुत बनाउने प्रयास पनि उल्लेखनीय छ ।

दोस्रो, सांस्कृतिक संरक्षणका लागि गरिएको अनुसन्धान, लेखन, र दस्तावेजीकरणको काम पनि महत्वपूर्ण छ । विभिन्न जातजातिका सांस्कृतिहरूलाई लिपिबद्ध गर्ने, मौलिक गीत, भाकाहरू र लोकगीतहरूको रेकर्डिङ्ग गरेर संरक्षण गर्ने कार्यले सांस्कृतिक सम्पदाको दिगोपना सुनिश्चित गर्ने काम गरेको छ । यसका साथै, सांस्कृतिक कार्यक्रमहरूमा सक्रिय सहभागिता, चलचित्र, म्युजिक भिडियो, नाटक लेखन तथा निर्देशनमार्फत पनि सांस्कृतिक संरक्षणलाई प्रवर्द्धन गरिएको पाइन्छ ।

तेस्रो, धार्मिक तथा सामाजिक सांस्कृतिक कार्यक्रमहरूको आयोजना र सञ्चालनले पनि संरक्षणमा ठूलो योगदान पुऱ्याएको छ । विभिन्न पर्व, धार्मिक झाँकी, भजन, आरती तथा सांस्कृतिक उत्सवहरूमा सहभागी भई मौलिक संस्कृतिको जगेर्ना गर्ने काम निरन्तर भइरहेको छ । यसले समुदायमा सांस्कृतिक चेतना बढाउने र भावी पुस्तालाई संस्कृतिप्रति जागरुक बनाउने भूमिका खेल्दछ । यस्ता कार्यक्रमहरूले सांस्कृतिक सम्पदाको जीवितता कायम राख्न सहयोग पुऱ्याएका छन् ।

यसरी सांस्कृतिक संरक्षणमा युवाहरूले बाजा सिकाउने, प्रस्तुति गर्ने, अनुसन्धान गर्ने, धार्मिक तथा सामाजिक कार्यक्रम सञ्चालन गर्ने र मिडियाको सदुपयोग गर्ने गरी बहुआयामिक योगदान दिएका छन् । यी प्रयासहरूले सांस्कृतिक पहिचानलाई जगेर्ना गर्ने, संरक्षण गर्ने र प्रवर्द्धन गर्ने दिशामा ठोस भूमिका खेलिरहेका छन् ।

## ३.३. सांस्कृतिक कार्यक्रम र युवा सहभागितामा प्रेरणा

सांस्कृतिक कार्यक्रममा सहभागी हुन प्रेरित गर्ने मुख्य तत्वहरूका बारेमा जानकारी लिनका लागि तपाईंलाई सांस्कृतिक कार्यक्रममा सहभागी हुन प्रेरित गर्ने मुख्य कारणहरू के के हुन्? भनेर प्रश्न सोधिएको थियो । तयारी उत्तरहरूमा संस्कृतिप्रति व्यक्तिगत रूची, परिवार, समाज तथा साथीहरूको प्रेरणा, सामुदायिक पहिचान प्रतिको सम्भावना, सामाजिक संजाल वा मिडियाको प्रभाव, सम्मान वा पुरस्कार प्राप्त हुने सम्भावना, आर्थिक उपार्जन र अन्य केही थप विचार समेत राख्न सकिने गरी प्रश्नावली तयार गरिएको थियो ।

**सांस्कृतिक कार्यक्रममा युवा सहभागिताका प्रेरणा**

- संस्कृति प्रतिको व्यक्तिगत रूची
- संस्कृति, परम्परा, र पहिचानप्रति गर्व
- परिवार, समाज तथा साथीको प्रेरणा
- सम्मान वा पुरस्कार
- आर्थिक उपार्जन

सांस्कृतिक कार्यक्रममा युवाहरूको सहभागितालाई प्रेरित गर्ने कारकहरू विश्लेषण गर्दा सबैभन्दा प्रमुख कारण संस्कृति प्रतिको व्यक्तिगत रूची देखिन्छ । अधिकांश सहभागीहरूले आफ्नो मौलिक संस्कृति, परम्परा, र पहिचानप्रति गर्व तथा आकर्षण महसुस गर्ने भएकाले सांस्कृतिक कार्यक्रममा सक्रिय सहभागिता जनाउने उल्लेख गरेका छन् । यसले देखाउँछ कि व्यक्तिगत स्तरमै संस्कृति प्रतिको लगाव, जिज्ञासा, र आत्मीयता युवाहरूलाई प्रेरित गर्ने मूल शक्ति हो । यस किसिमको रूचीले सांस्कृतिक कार्यक्रमको सहभागिता मात्र बढाउँदैन छ बरु मौलिक संस्कृतिको संरक्षण र प्रवर्द्धनमा समेत महत्वपूर्ण भूमिका खेल्दछ ।

दोस्रो महत्त्वपूर्ण प्रेरणा परिवार, समाज तथा साथीहरूको प्रेरणा हो । परिवार र समाजले सकारात्मक सोच राखी, प्रोत्साहन र समर्थन प्रदान गरेमा युवाहरूमा आत्मविश्वास बढ्छ र उनीहरू सांस्कृतिक गतिविधिमा खुलेर सहभागी हुन्छन् । साथीहरूको समूहगत सहभागिता र सामाजिक वातावरणले पनि युवाहरूमा उत्साह थप्ने काम गर्छ । यसले सामाजिक सम्बन्ध, सहकार्य र सामूहिक पहिचानलाई बलियो बनाउँछ । यसरी सामाजिक सञ्जाल र सम्बन्धहरूको सकारात्मक प्रभावले सांस्कृतिक कार्यक्रमलाई जीवन्त बनाउँछ ।

तेस्रो, सम्मान वा पुरस्कार प्राप्त हुने सम्भावना र आर्थिक उपार्जन जस्ता व्यावहारिक कारणहरू पनि उल्लेखनीय छन् । सम्मान, पुरस्कार वा आर्थिक लाभको सम्भावनाले युवाहरूमा थप प्रतिस्पर्धा, लगाव र निरन्तरता ल्याउँछ । सांस्कृतिक क्षेत्रमा आफूलाई चिनाउने, लोकप्रियता



सांस्कृतिक संस्थान २०२२

कमाउने वा भविष्यमा रोजगारीको अवसर खोज्ने सोचले पनि युवाहरूलाई आकर्षित गर्छ । यसले सांस्कृतिक कार्यक्रमलाई पेशागत रूपमा हेर्ने दृष्टिकोणलाई प्रोत्साहन गरेको पाइन्छ ।

साथै, सामाजिक सञ्जाल वा मिडियाको प्रभाव र सामुदायिक पहिचान प्रतिको सम्भावना पनि युवाहरूको प्रेरणामा महत्वपूर्ण भूमिका खेल्ने प्रेरक तत्त्व हुन् । मिडिया तथा सामाजिक सञ्जालले सांस्कृतिक कार्यक्रमको प्रचारप्रसार, प्रतिभा प्रदर्शन, र सामाजिक मान्यता दिलाउने काम गर्छ । सामुदायिक पहिचान र गौरवको भावना, मौलिकता जगेर्ना गर्ने सोच तथा भावी पुस्तालाई प्रेरणा दिने उद्देश्यले पनि युवाहरू सांस्कृतिक कार्यक्रममा आकर्षित भएका छन् । यसले सांस्कृतिक कार्यक्रमलाई व्यक्तिगत मात्र नभई सामाजिक र सामुदायिक गर्वको विषय बनाएको देखिन्छ ।

निष्कर्षमा, युवाहरूलाई सांस्कृतिक कार्यक्रममा सहभागी हुन प्रेरित गर्ने प्रमुख कारणहरू व्यक्तिगत रूची, पारिवारिक/सामाजिक प्रेरणा, सम्मान/पुरस्कारको सम्भावना, आर्थिक उपार्जन, मिडिया प्रभाव, र सामुदायिक पहिचान हुन् । यी सबै पक्षले सांस्कृतिक कार्यक्रमलाई जीवन्त, समावेशी र आकर्षक बनाउने काम गर्छन् । यसैले, सांस्कृतिक कार्यक्रमको प्रवर्द्धन गर्न यी प्रेरक तत्वहरूलाई अझ सशक्त बनाउनु आवश्यक छ ।

## ३.३.१. सांस्कृतिक कार्यक्रम सहभागितामा प्रभाव पार्ने तत्वहरू

युवाहरूलाई सांस्कृतिक कार्यक्रममा सहभागी हुन प्रभाव पार्ने तत्त्वहरूका विषयमा जानकारी लिई सहभागिता अझ अभिवृद्धि गर्न उपायहरूको खोजी गर्न सहज होस् भनी युवाहरूलाई सांस्कृतिक कार्यक्रममा सहभागिता हुन प्रभाव पार्ने कारक तत्वहरू (अवरोधहरू) के के हुन्? भनेर सोधिएको थियो । यसका लागि केही उत्तरहरू छनोट गर्न र अन्य भए लेख्नसमेत भनिएको थियो । उत्तरहरूमा आर्थिक अवस्थाको कमी, समय अभाव, पारिवारिक तथा सामाजिक सहयोग नहुनु, मिडिया तथा सामाजिक सञ्जालबाट सकारात्मक सहयोग नपाउनु, सस्कृति सम्बन्धी पर्याप्त ज्ञानको कमी रहेका थिए ।

सहभागीबाट प्राप्त उत्तरहरूको विश्लेषण गर्दा युवाहरू सांस्कृतिक कार्यक्रममा सहभागी हुन मुख्यतया चारवटा प्रमुख अवरोधहरू देखिन्छन् । ती अवरोधहरूमा 'आर्थिक अवस्था, समय अभाव, पारिवारिक तथा सामाजिक समर्थनको कमी, र संस्कृति सम्बन्धी पर्याप्त ज्ञानको अभाव

रहेका छन् । यी अवरोधहरू प्रायः एक-अर्कासँग सम्बन्धित छन् र युवाहरूको सांस्कृतिक सहभागितामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभाव पार्दछन् ।

सबैभन्दा बढी उल्लेख भएको अवरोध आर्थिक अवस्था हो । धेरैजसो युवाहरू आर्थिक दृष्टिले कमजोर भएका कारण सांस्कृतिक कार्यक्रममा सहभागी हुन सक्दैनन् । आर्थिक अभावले न त उनीहरूलाई आवश्यक सामग्री तथा पोशाक किन्न सजिलो हुन्छ, न त यात्रा खर्च, प्रशिक्षण शुल्क वा अन्य आवश्यक खर्च जुटाउन । यसले गर्दा प्रतिभाशाली युवाहरू पनि अवसरबाट वञ्चित हुने अवस्था सिर्जना हुन्छ । आर्थिक अवस्था सुधार गर्न स्थानीय सरकार, संघसंस्था तथा समुदायको सहकार्य अपरिहार्य देखिन्छ ।

**सांस्कृतिक कार्यक्रममा युवा सहभागितालाई प्रभाव पार्ने तत्त्वहरू**

- आर्थिक अवस्था
- समय अभाव
- पारिवारिक तथा सामाजिक समर्थनको कमी
- संस्कृति सम्बन्धी पर्याप्त ज्ञानको अभाव

दोस्रो प्रमुख अवरोध पारिवारिक तथा सामाजिक समर्थनको अभाव हो । परिवार तथा समाजले सांस्कृतिक गतिविधिलाई महत्व नदिँदा, युवाहरूमा आत्मविश्वासको कमी, डर, र झन्झट महसुस हुने गर्छ । कतिपय अवस्थामा परिवारले सांस्कृतिक क्षेत्रमा भविष्य छैन भन्ने सोच राखेर युवालाई निरुत्साहित गर्छन् । यसले गर्दा युवाहरूको प्रतिभा दबिन्छ र उनीहरू अन्य क्षेत्रतिर आकर्षित हुन्छन् । परिवार तथा समाजले सकारात्मक सोच राखेमा मात्र युवाहरूको सहभागिता बढ्न सक्छ ।

तेस्रो, संस्कृति सम्बन्धी पर्याप्त ज्ञानको कमी पनि उल्लेखनीय अवरोध हो । धेरै युवाहरूलाई आफ्नै संस्कृति, परम्परा, र सांस्कृतिक महत्वबारे जानकारी कम छ । विद्यालय, समुदाय तथा सञ्चारमाध्यमबाट संस्कृति सम्वन्धी शिक्षा र जानकारीको अभावले उनीहरूमा रूची र सहभागिता घटाउँछ । यसका लागि विद्यालयस्तरदेखि नै संस्कृति विषयमा पाठ्यक्रम विकास, कार्यशाला, तथा स्थानीय सांस्कृतिक कार्यक्रमहरूको आयोजना आवश्यक छ ।

अन्त्यमा, समय अभाव पनि एक महत्वपूर्ण अवरोध हो । अध्ययन, जागिर वा अन्य जिम्मेवारीका कारण युवाहरू सांस्कृतिक कार्यक्रममा समय दिन सक्दैनन् । आधुनिक जीवनशैली, प्रतिस्पर्धा र व्यस्तताले गर्दा उनीहरूमा सांस्कृतिक गतिविधिलाई प्राथमिकता दिन





कठिन भएको छ । यसलाई व्यवस्थापन गर्न समयको उचित व्यवस्थापन, लचकदार कार्यक्रम तालिका, र अभिभावक तथा शिक्षकहरूको सहयोग आवश्यक छ ।

निष्कर्षमा, यी चारवटा प्रमुख अवरोधहरू युवाहरूको सांस्कृतिक कार्यक्रममा सहभागिता घटाउने मुख्य कारक हुन् । यी अवरोधहरूलाई सम्बोधन गर्न सामूहिक प्रयास, नीति निर्माण, र सचेतना कार्यक्रम आवश्यक देखिन्छ । यसरी मात्र युवाहरूको सांस्कृतिक सहभागिता बढाउन सकिन्छ ।

## ३.३.२. सांस्कृतिक कार्यक्रम सहभागितामा हुने अवरोधहरू

सांस्कृतिक कार्यक्रममा सहभागिताका लागि देखिएका र संस्कृतिककर्मीहरूले भोगेका अवरोधहरूलाई हटाउन मद्दत पुग्ने गरी सांस्कृतिक कार्यक्रममा सहभागिता हुन तपाईंले देखु भएका मुख्य अवरोधहरू के हुन्? भनेर सोधिएका प्रश्नमा प्राप्त उत्तरहरूलाई यहाँ विश्लेषण गरिएको छ ।

प्राप्त विचारहरूलाई समेटेर विश्लेषण गर्दा सांस्कृतिक कार्यक्रममा सहभागिता हुनुका लागि देखिने अवरोधहरू मूलतः पारिवारिक, सामाजिक, आर्थिक, संस्थागत, संरचनात्मक, तथा वैचारिक पक्षमा केन्द्रित छन् । यस्ता अवरोधहरूले हाम्रो मौलिक सांस्कृतिक पहिचानलाई संरक्षण गर्न र नयाँ पुस्तामा त्यसको स्थान बनाउन गम्भीर चुनौती उत्पन्न गरिरहेका समेत देखिन्छन् ।

**सांस्कृतिक कार्यक्रममा युवा सहभागितामा हुने अवरोधहरू**

- पारिवारिक र सामाजिक
- आर्थिक र भौतिक
- वैचारिक तथा नीतिगत
- बाह्य प्रभाव र मौलिकताको कमि

पहिलो पारिवारिक र सामाजिक अवरोधहरू सबैभन्दा दोहोरिएर उठाइएको पक्ष हो । परिवारमा संस्कृति सम्बन्धी ज्ञानको अभाव, रूचिको कमि, परिवार तथा समुदायबाट असहयोग, छोरीहरूलाई सांस्कृतिक क्षेत्रमा नलगाउने सामाजिक सोच, नातावाद, जातीय विभेद जस्ता विषयहरू रहेका छन् । जसले संस्कृति जस्तो जीवन्त विषयमा पनि हाम्रो समाज अझै खुला र समावेशी बन्न नसकेको देखाउँछन् । अभिभावकहरूले आफ्ना सन्तानमा संस्कृतिको बीउ रोप्न नसक्नु, र समाजले सांस्कृतिक कर्मीलाई सकारात्मक दृष्टिले नहेर्नु ठूलो विडम्बना हो ।

दोस्रो, आर्थिक र भौतिक पक्षमा आधारित अवरोधहरू पनि बारम्बार उल्लेख गरिएका छन् । जसमा पारिश्रमिकको कमि, बजेटको अभाव, प्रस्तुति स्थलको अभाव, मञ्च व्यवस्थापनको कमजोरी, प्रसाधनको व्यवस्था नहुनु, समयको अभाव, र मुनाफामुखी कार्यक्रमहरूको प्रभाव प्रमुख छन् । यस्तो अवस्था सांस्कृतिक कार्यक्रमलाई केवल सौन्दर्य प्रदर्शनको साधन बनाएर त्यसको गहिरो मूल्यलाई नजरअन्दाज गर्ने प्रवृत्तिको इङ्गित गर्दछ । साथै, साना कलाकारहरूको लागि पर्याप्त स्रोत, सम्मान र अवसरको अभावले उनीहरूलाई निरुत्साहित बनाइरहेको छ ।

तेस्रो, वैचारिक तथा नीतिगत समस्याहरू पनि यस विश्लेषणमा गम्भीर देखिन्छन् । संस्कृति सम्बन्धी शैक्षिक ज्ञानको अभाव, प्रचारप्रसारको कमि, संचारमाध्यमको उपेक्षा, संस्थागत तहमा सहयोगको अभाव, र सरकारी नीति तथा बजेटको कमजोरीले देखाउँछ कि संस्कृति प्रवर्द्धनको लागि आवश्यक नीतिगत प्रतिबद्धता अझै कमजोर छ । यस्ता खालका संरचनात्मक कमीकमजोरीले मौलिक संस्कृतिको संरक्षण मात्र होइन, नयाँ पुस्तासम्म यसको हस्तान्तरणमा पनि गम्भीर रुकावट पैदा गर्छ ।

अन्त्यमा, बाह्य प्रभाव र मौलिकताको कमिले सांस्कृतिक सहभागितामा ठूलो अवरोध सिर्जना गरिरहेको छ । पाश्चात्य संस्कृतिको बढ्दो प्रभाव, विदेशी नृत्य र संगीतको मोह, सांस्कृतिक क्षेत्रलाई पेशा बनाउन कठिन देखिने दृष्टिकोण, र मौलिक लोककला तथा नृत्यप्रति गम्भीरता नलिने प्रवृत्तिले यो क्षेत्रलाई कमजोर बनाउँदै लगेको छ । यदि समाजले आफ्नै मौलिकताको मूल्य बुझेन भने, सांस्कृतिक कार्यक्रमहरू केवल उत्सवका नाममा सीमित भएर हराउने सम्भावना हुन्छ ।

यसैले, सांस्कृतिक सहभागिताको समस्या केवल एउटा कारणले नभई समग्र संरचना र चेतनाको संकुचनबाट सिर्जना भएको जटिल बहुआयामिक समस्या हो भन्ने स्पष्ट गर्छ । यसलाई समाधान गर्न बहुस्तरीय पहल, नीति सुधार, परिवारदेखि राज्य तहसम्मको समन्वय र जनचेतना आवश्यक छ ।

## ३.४. संस्कृतिको संरक्षणमा युवा आकर्षण

संस्कृतिको संरक्षणमा युवालाई आकर्षण गर्न जरूरी रहेको पक्षलाई आत्मसात गर्दै अझ प्रभावकारी बनाउने सन्दर्भमा सोधिएको अर्को प्रश्न तपाईंको विचारमा संस्कृतिको संरक्षणमा

युवाहरूलाई आकर्षित गर्न सबैभन्दा प्रभावकारी उपाय कुन हो? भन्ने थियो । यसका लागि केही पुर्वनिर्धारित उत्तरहरूमा छनोट गर्न भनिएको थियो । यी बहुविकल्पमा शैक्षिक पाठ्यक्रममा सांस्कृतिक विषय समावेश, आर्थिक सहयोग वा छात्रवृत्ति प्रदान, सामाजिक सञ्जाल मार्फत प्रचार/प्रसार, स्थानीय सरकारद्वारा संस्कृति सम्बन्धी पर्याप्त कार्यक्रमहरूको आयोजना, आवश्यक प्रशिक्षणको व्यवस्था र अन्य रहेका थिए ।

यसमा जम्मा ६८ वटा विचार प्राप्त भएका थिए र ती प्राप्त उत्तरहरूको आवृत्ति तलको चित्रमा प्रस्तुत गरिएको छ । यसबाट सबैभन्दा धेरै दोहोरिएर आएका विचारहरू र कम प्रतिक्रिया पाएका विचारहरूको विश्लेषण गरिएको छ ।

*चित्र ४: संस्कृतिको संरक्षणमा युवाहरूलाई आकर्षित गर्ने प्रभावकारी उपायहरू*




स्रोतः प्रश्नावली सर्वेक्षण, २०८२

सहभागीहरूको प्रतिक्रिया र विचार विश्लेषण गर्दा युवाहरूलाई संस्कृति संरक्षणमा आकर्षित गर्न सबैभन्दा प्रभावकारी उपायहरूमध्ये प्रमुख रूपमा शैक्षिक पाठ्यक्रममा सांस्कृतिक विषय समावेश, स्थानीय सरकारद्वारा पर्याप्त कार्यक्रमहरूको आयोजना, आवश्यक प्रशिक्षणको व्यवस्था, आर्थिक सहयोग वा छात्रवृत्तिको उपलब्धता, र सामाजिक सञ्जालमार्फत प्रचारप्रसार देखिन्छन् । यसमा सबैभन्दा धेरै उल्लेख गरिएको उपाय भनेको शैक्षिक पाठ्यक्रममार्फत

संस्कृति समावेश गर्नु हो, जसले संस्कृति सम्बन्धी ज्ञान बाल्यकालदेखि नै प्रदान गरी युवामा चेतना र रूची जागृत गर्छ । त्यसपछिको दोस्रो प्रमुख उपाय स्थानीय सरकारको सक्रियता हो, जसले युवालाई प्रत्यक्ष सहभागी गराउने अवसरहरू प्रदान गर्छ । आर्थिक सहयोग र छात्रवृत्तिले कमजोर पृष्ठभूमिका युवाहरूलाई संस्कृति क्षेत्रको अध्ययन र अभ्यासमा निरन्तरता दिन सघाउँछ । सामाजिक सञ्जालको प्रयोगले भने व्यापक पहुँचसहित युवा पुस्तालाई आकर्षित गर्ने माध्यमको रूपमा देखा पर्छ । यसरी यी उपायहरू एक अर्कामा परिपूरक छन्, र सबै पक्षको समन्वयमा मात्रै युवालाई प्रभावकारी ढंगले संस्कृति संरक्षणमा संलग्न गराउन सकिन्छ ।

## ३.४.१. संस्थागत कार्यक्रमहरूले गर्ने आकर्षणको स्तर

संस्थागत कार्यक्रमहरूले युवालाई मौलिक संस्कृति तर्फ गर्ने आकर्षणको स्थतिलाई बुझ्न पाँचवटा स्तरमा सहमति वा विमतिको मापन गरिएको थियो । यसमा संस्थागत कार्यक्रमहरूले युवालाई मौलिक संस्कृति तर्फ आकर्षित गर्न सफल भएका छन् भन्ने प्रश्न सोधिएकोमा प्राप्त प्रतित्युत्तरलाई यहाँ प्रस्तुत गरिएको छ ।

*चित्र ५: संस्थागत कार्यक्रमहरूले गर्ने आकर्षणको स्तर*




स्रोत: प्रश्नावली सर्वेक्षण, २०८२

प्रस्तुत चित्रमा संस्थागत कार्यक्रमहरूले गर्ने आकर्षणको विषयमा सबैभन्दा धेरै सहभागीहरू (५६.५३ %) "सहमत" भन्ने विकल्प रोजेका छन् । यसले देखाउँछ कि धेरैजसो सहभागीहरूले संस्थागत कार्यक्रमहरू युवालाई आकर्षित गर्न सक्षम भएको महसुस गरेका छन् । यसले संस्थागत कार्यक्रमको प्रभावकारिता र सान्दर्भिकता प्रति सकारात्मक धारणा रहेको संकेत गर्छ । यस्तै पूर्ण सहमत र तथस्ट विचार राख्नेहरू बराबर १७.३९ प्रतिशत रहेका छन् ।

## ३.४.२. युवा सहभागिता बढाउने नीति र कार्यक्रम

सांस्कृतिक कार्यक्रमहरूमा युवा सहभागिता बढाउन आवश्यक पर्ने नीति तथा कार्यक्रमहरूका बारेमा सहभागी सहभागीहरूले दिएको जवाफलाई यहाँ प्रस्तुत गरी विश्लेषण गरिएको छ । प्राप्त जवाफका आधारमा धेरै महत्त्वपूर्ण मानिएको युवा सहभागिता बढाउने नीति र कार्यक्रम र त्यसका अन्तर्निहित पक्षहरूलाई केलाउँदा शैक्षिक समावेशीकरणलाई सरकार र सम्बन्धित निकायले प्राथमिकता दिनुपर्ने देखिन्छ । साथै अन्य नीतिगत सवालहरू समेत यहाँ उल्लेख गरिएको छ ।

### शैक्षिक समावेशीकरण

यस अन्तर्गत निम्नानुसारका कार्यक्रम गर्न उपयुक्त रहेको:

- पाठ्यक्रममा संस्कृतिसम्बन्धी विषय समावेश
- विद्यालयदेखि विश्वविद्यालयसम्मका लागि योजना
- योग्य शिक्षकको व्यवस्था
- छात्रवृत्ति र अध्ययन-अध्यापन बजेट

### तालिम, प्रशिक्षण र अनुसन्धान

- सांस्कृतिक बाजा, नृत्य, ई-कमर्स तालिम
- शोध तथा कार्यशालाको आयोजना
- अनुसन्धानात्मक संस्था र तालिम केन्द्र स्थापना

### कार्यक्रम, प्रतियोगिता र प्रस्तुति

- राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरका कार्यक्रम
- स्थानिय मञ्च र प्रस्तुति
- प्रतियोगिता, भ्रमण, सांस्कृतिक मेला

**नीति निर्माण र कानुनी संरचना**

- संस्कृति मैत्री नीतिहरू
- सरकारी ऐन, बाध्यकारी व्यवस्था
- कलाकार र संस्थाको सम्मान नीतिगत रूपमा

**आर्थिक सहायता तथा बजेट (Financial & Budgetary Support)**

- बजेट विनियोजन
- स्थानीय सरकारद्वारा सहयोग
- कलाकारहरूको मासिक आयको व्यवस्था

**स्थानिय तह र समुदाय आधारित पहल**

- स्थानिय सरकार/वडा तहबाट कार्यक्रम
- जातीय/सामाजिक संस्कृति संरक्षण
- सामुदायिक विद्यालयमा स्थानीय विषय समावेश

**प्रचारप्रसार र जागरण**

- सामाजिक सञ्जाल प्रयोग
- विदेशमा नेपाली संस्कृतिको प्रचार
- मौलिक संस्कृति तर्फ आकर्षण गराउने कार्यक्रम

विश्लेषणबाट स्पष्ट हुन्छ कि सबैभन्दा बढी सुझावहरू शैक्षिक पाठ्यक्रममा संस्कृति समावेश गर्ने सम्बन्धी छन्, जुन दीर्घकालीन समाधानको रूपमा देखिन्छ । दोस्रो ठूलो क्षेत्र तालिम र अनुसन्धान हो, जसले युवाहरूलाई सांस्कृतिक क्षेत्रमा सीपयुक्त र सक्षम बनाउने उद्देश्य राख्छ । साथै अन्य कार्यक्रमहरू, नीति निर्माण, बजेट, र प्रचारप्रसार लगायतका पक्षहरू युवालाई सक्रिय र उद्यमशील बनाउने महत्वपूर्ण माध्यमका रूपमा पहिचान गरिएको छ ।



सांस्कृतिक संस्थान २०२१

## ३.५. संस्कृतिमा आधारित उद्यमशीलता र युवाको सम्भावित योगदान

संस्कृतिमा आधारित उद्यमशीलता प्रवर्धनमा युवाको सम्भावित योगदानको सन्दर्भमा युवाहरूले के कस्ता उद्यमहरूको सुरुवात वा विकास गरेका छन् भनेर हेर्ने प्रयास गरिएको थियो । प्राप्त उत्तरका आधारमा सबैभन्दा धेरै जवाफ आएको र क्रमशः कम जवाफ आएकालाई यस चित्रमा प्रस्तुत गरिएको छ । पहिलो अनुक्रममा युवा शिक्षालाई लिएर प्रतिक्रिया आएका छन् । यी अनुक्रमले प्राथमिकताको स्तर बताउँछन् ।

*चित्र ६: संस्कृतिसँग सम्बन्धित उद्यमहरू*




स्रोतः प्रश्नावली सर्वेक्षण, २०८२ बाट अनुसन्धानकर्ताद्वारा सिर्जना गरिएको

युवा शिक्षाले युवाहरूलाई सांस्कृतिक बोध सिकाउने कुरामा जोड दिन्छ । दोस्रो बुँदामा पर्यटन उद्यम छ, जसले पर्यटन क्षेत्रमा सांस्कृतिक अवसरहरू बढाउने कुरा संकेत गर्छ । तेस्रो

बुँदामा आर्थिक उन्नति उल्लेख छ, जसले सांस्कृतिक कार्यक्रमहरूबाट आर्थिक अवसरहरू सृजना हुने बताउँछ । चौथो बुँदामा व्यक्तिगत प्रदर्शन उल्लेख छ, जसले पर्यटन स्थलहरूमा व्यक्तिगत सांस्कृतिक प्रदर्शनको महत्व देखाउँछ ।

पाँचौं र छैटौं बुँदामा संस्थागत सहभागिता र सांस्कृतिक संरक्षणको चर्चा गरिएको छ । संस्थागत सहभागिताले विभिन्न संस्थाहरूले सांस्कृतिक कार्यक्रमहरूमा सक्रिय सहभागिता जनाउने कुरा देखाउँछ भने, सांस्कृतिक संरक्षणले सांस्कृतिक सम्पदाको निरन्तर प्रयासलाई जोड दिएको छ । सातौं बुँदामा सामुदायिक संस्कृति उल्लेख छ, जसले विभिन्न समुदायहरूको सांस्कृतिक अभ्यासलाई महत्व दिएको छ ।

अन्तिम तीन बुँदामा पर्यटन प्रदर्शन, धार्मिक अनुसन्धान, र सांस्कृतिक विविधताको चर्चा गरिएको छ । पर्यटन प्रदर्शनले पर्यटकहरूका लागि सांस्कृतिक नृत्य प्रदर्शनको महत्व देखाउँछ । धार्मिक अनुसन्धानले सांस्कृतिक संरक्षणमा धार्मिक अनुसन्धानकर्ताहरूको भूमिकालाई जोड दिएको छ ।

### ३.५.१. संस्कृतिको संरक्षणले युवा उद्यमशीलताको अवसर

संस्कृतिको संरक्षण मार्फत युवा उद्यमशीलताको अवसर बढाउने सकिने विषयमा द्विमत छैन । तथापि युवाहरू यसमा कति सहमत वा असहमत छन् भन्ने विषय निकै महत्त्वपूर्ण हुन्छ । सोही विषयलाई लिएर यहाँ उनिहरूको विचार लिएइको हो ।

*चित्र ७: संस्कृतिको संरक्षणले युवा उद्यमशीलताको अवसर बढाउँछ भन्नेमा प्राप्त प्रतिक्रिया*




स्रोतः प्रश्नावली सर्वेक्षण, २०८२

प्राप्त विचार अनुसार झन्डै ५७ प्रतिशत सहभागीहरूले संस्कृतिको संरक्षणले युवा उद्यमशीलताको अवसर बढाउँछ भन्नेमा सहमति जनाएका छन् । लगभग ४० प्रतिशतले पूर्ण सहमत रहेको जनाएका छन्, जसले सकारात्मक सम्बन्ध स्वीकारे पनि पूर्ण विश्वास नदेखाएको बुझिन्छ । अति थोरै सहभागीहरू मात्र तटस्थ छन्, जसले यो विषयमा स्पष्ट धारणा राखेका छैनन् । सहभागीहरूको स्पष्ट बहुमतले संस्कृतिको संरक्षणलाई युवा उद्यमशीलताको अवसर विस्तारसँग जोडेका छन् । यसले सांस्कृतिक सम्पदा, परम्परा, सीप, र स्थानीय पहिचानको संरक्षणले नयाँ व्यवसायिक सम्भावना, रोजगारी, र नवप्रवर्तनका लागि प्रेरणा दिन्छ भन्ने बुझाइलाई पुष्टि गर्छ ।

## ३.५.२. संस्कृतिको संरक्षणले युवा उद्यमशीलताको अवसर

संस्कृतिमा आधारित उद्यमशिलता विकास गर्नका लागि युवाहरूले गर्नुपर्ने र गरिरहेका क्रियाकलापका विषयमा केन्द्रित रहेर अब के गर्न सकिन्छ भनी सोधिएको प्रश्नमा प्राप्त उत्तरहरूलाई यहाँ विश्लेषण गरिएको छ ।

विषयगत शीर्षकमा विभाजन गरी सो को सङ्क्षिप्त विवरण समेत प्रस्तुत यस प्रकार रहेको छ ।

**पर्यटन र संस्कृति**

मौलिक भेषभूषा, बाजा, खानाका परिकार, संस्कृति अवलोकन, नेवारी संस्कृति, गन्धर्व कला, सांस्कृतिक घर, होमस्टे, ऐतिहासिक स्थानमा मेला ।

**प्रशिक्षण र क्षमता विकास**

विभिन्न जातजातिलाई प्रशिक्षण, सांस्कृतिक तालिम, युवायुवतीलाई प्रशिक्षण, समुदाय स्तरमा प्रशिक्षण केन्द्र ।

**उद्यमशिलता र आर्थिक विकास**

सांस्कृतिक वस्तुहरूको बजारिकरण, वाद्ययन्त्र निर्माण, सांस्कृतिक पर्यटन, उद्यमशिल व्यवसायको पुनः ब्रान्डिङ् गरी व्यवसायिक बनाउने ।

**सरकारी नीति र सहयोग**

सरकारी लगानी, अनुदानको व्यवस्था, कानुनी व्यवस्था, नीति निर्माण, सरकारी तथा गैरसरकारी निकायको भूमिका ।

**संस्कृति संरक्षण र प्रवर्द्धन**

संस्कृति अनुसन्धान, लिपिबद्ध, लोक संस्कृतिको जगेर्ना, सांस्कृतिक संग्रहालय, भाषा प्रशिक्षण, सांस्कृतिक कार्यक्रम ।

**शिक्षा र चेतना**

शैक्षिक पाठ्यक्रममा समावेश, संस्कृति प्रति सकारात्मक सोच, स्थानीय ज्ञानको पहिचान, कथा भन्ने शैली ।

युवाहरूले नै यसरी संस्कृतिको संरक्षण गर्ने र त्यसलाई उद्यमसँग जोड्ने तागत राख्दछन् । उदाहरणका लागि स्थानीय संस्कृति, भेषभूषा, खानपान, वाद्ययन्त्र, र नृत्यलाई पर्यटनसँग जोडेर आर्थिक लाभ लिन सकिन्छ भन्ने बुझाई आम युवाको छ । होमस्टे, सांस्कृतिक घर, संग्रहालय, र ऐतिहासिक स्थानमा मेला जस्ता कार्यक्रमले पर्यटक आकर्षण बढाउँछन् ।

सांस्कृतिक वस्तु, वाद्ययन्त्र, भेषभूषा, र खानाको उत्पादन तथा बजारिकरण गरेर स्थानीय उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पुर्याउन सकिन्छ । यसले आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्छ । तर त्यसका लागि सरकारी तथा गैरसरकारी निकायबाट अनुदान, सहज कानुनी प्रक्रिया, नीति निर्माण, र अनुगमन आवश्यक छ ।

# खण्ड घ
# निष्कर्ष तथा सिफारिसहरू

## ४.१. अनुसन्धानको निषकर्ष

यस अनुसन्धानमा प्रयुक्त तथ्यांक र सूचनाहरूको गहन विश्लेषण गरी प्राप्त निषकर्षहरूलाई यहाँ प्रस्तुत गरिएको छ । अधिकांश युवाहरूले पछिल्लो एक वर्षमा कम्तिमा छ पटकसम्म मौलिक सांस्कृतिक कार्यक्रममा सहभागिता जनाउनु र अझै सहभागी हुन सहमती पुष्टि गर्छ कि उनीहरू अझ सक्रिय रूपमा सहभागी हुन इच्छुक छन् । यसले सांस्कृतिक कार्यक्रम प्रतिको रूची, सक्रियता र सामाजिक संलग्नताको सकारात्मक रूप देखाउँछ ।

युवाहरूले विभिन्न रूपमा स्वयंसेवक, कार्यक्रम आयोजक, सामाजिक सञ्जाल मार्फत प्रचार, सांस्कृतिक सामग्री निर्माण जस्ता कार्यमा उल्लेखनीय भूमिका खेलेका छन् । यसले देखाउँछ कि उनीहरू केवल सहभागी मात्र होइन, नेतृत्वदायी तथा रचनात्मक रूपमा पनि जोडिएका छन् । युवाहरू सांस्कृतिक कार्यक्रममा व्यक्तिगत रुची, सामाजिक प्रेरणा, मिडिया प्रभाव, सम्मान वा पुरस्कार, र आर्थिक अवसरका कारणबाट प्रेरित भएका छन् । उनीहरू सांस्कृतिक संरक्षणलाई उद्यमशीलताको अवसरको रूपमा हेर्न थालेका छन्, जुन नीति निर्माणका लागि महत्वपूर्ण संकेत हो ।

संस्कृतिको संरक्षणले उद्यमशीलताको अवसर बढाउँछ भन्ने धारणा प्रति युवाहरू पूर्ण सहमत छन् । होमस्टे, सांस्कृतिक संग्रहालय, हस्तकलाका उत्पादन, वाद्ययन्त्र निर्माण, र परम्परागत खाना जस्ता विषयहरूलाई आर्थिक रूपमा प्रयोग गर्न सकिने सम्भावना देखिएको छ ।

युवाहरूको संस्कृति प्रतिको लगाव गहिरो छ तर उनीहरूलाई आवश्यक स्रोत, संरचना, बजेट र प्रशिक्षणको पहुँच पर्याप्त छैन । उनीहरूमा आत्मस्फूर्त अभिरूची त छ, तर संस्थागत समर्थन न्यून छ । सांस्कृतिक कार्यक्रमलाई आर्थिक स्रोतसँग जोड्दा मात्र दीर्घकालीन रूप दिन सकिन्छ । युवाहरूको उद्यमशीलता, स्वरोजगार, र नयाँ व्यवसायको विकास गर्न संस्कृति एउटा गतिशील आधार हुन सक्छ ।



सांस्कृतिक संस्थान २०२२

शिक्षा प्रणाली, स्थानीय तहको नीतिगत सक्रियता, सामाजिक दृष्टिकोण, र सरकारी लगानीले मात्र संस्कृति जोगिने छैन; यी सबै संयोजनमा चल्नुपर्ने आवश्यक छ । पारिवारिक, सामाजिक, आर्थिक, संरचनागत, र वैचारिक अवरोधहरूले युवाहरूको सहभागिता घटाएको छ । एकतर्फ युवामा इच्छाशक्ति बलियो छ भने अर्कोतर्फ समर्थन संरचना कमजोर छ ।

## ४.२. सुझावहरू

प्राप्त सुझावहरूलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

### ४.२.१. शैक्षिक समावेशीकरण

- विद्यालय र विश्वविद्यालयको पाठ्यक्रममा सांस्कृतिक विषयहरू समावेश गरिनुपर्छ ।
- विद्यार्थीहरूलाई मौलिक संस्कृति सम्बन्धी परियोजना कार्य, क्षेत्र भ्रमण, तथा सहभागिता अनिवार्य गर्नुपर्छ ।
- संस्कृति शिक्षामा प्रशिक्षित शिक्षक र सुविधा सम्पन्न प्रशिक्षण केन्द्र स्थापना गर्नुपर्छ ।

### ४.२.२. क्षमता विकास र तालिम

- सांस्कृतिक सीपहरू (जस्तै बाजा, नृत्य, नाट्य, खाना बनाउने) सम्बन्धी तालिमहरू समुदायस्तरमै हुनुपर्छ ।
- ई-कमर्स र डिजिटल मार्केटिङ्ग मार्फत सांस्कृतिक वस्तुको विक्रि गर्न सक्ने क्षमता विकास गर्नुपर्छ।
- अनुसन्धानात्मक संस्था, मञ्च र अभिलेख निर्माणमा राज्यले सहयोग गर्नुपर्छ ।

### ४.२.३. स्थानीय सरकारको भूमिका

- वडास्तरबाटै संस्कृतिकर्मीको नामावली, सीप तथा योगदानको अभिलेख राख्नुपर्छ ।
- स्थानीय सांस्कृतिक मेलाको आयोजना गर्न, बजेट विनियोजन अनिवार्य गर्नुपर्छ ।



सांस्कृतिक संस्थान २०२२

- संस्कृति संरक्षणमा लागेका युवाहरूको सम्मान तथा मासिक सहायता दिन सकिन्छ।

## ४.२.४. उद्यमशीलता र रोजगारी

- वाद्ययन्त्र निर्माण, भेषभूषा उत्पादन, परम्परागत खाना उद्योग जस्ता गतिविधिलाई व्यवसायिक बनाउन प्रोत्साहन गर्नुपर्छ ।
- संस्कृतिकर्मीका लागि सहुलियत ऋण, सीप आधारित रोजगार कार्यक्रम, तथा उत्पादनको ब्रान्डिङ र निर्यातको संरचना विकास गर्नुपर्छ ।

## ४.२.५. प्रचारप्रसार र सामाजिक सञ्जाल

- सामाजिक सञ्जाल र मिडियामार्फत सांस्कृतिक कार्यक्रमको नियमित प्रसारण/प्रचार गर्नुपर्छ ।
- युवा आइकन र प्रभावशाली व्यक्तिहरूबाट सांस्कृतिक चेतनाको प्रवर्द्धन गरिनुपर्छ ।

## ४.२.६. नीति निर्माण र कानुनी संरचना

- सांस्कृतिक नीति राष्ट्रिय प्राथमिकतामा राखेर, सबै तहका सरकारहरूले संस्कृति मैत्री नीति बनाउनुपर्छ ।
- प्रत्येक जिल्लामा सांस्कृतिक विकास परिषद स्थापना गर्नुपर्छ ।
- बजेट, ऐन, र संस्थागत संरचना स्पष्ट पारेर प्रभावकारी कार्यान्वयन गर्नुपर्छ ।



सांस्कृतिक संस्थान २०२२

## सन्दर्भ सामग्रीहरू


Adhikari, B. (2021). *Cultural Entrepreneurship: Youth Opportunity in Arts and Heritage*. Nepal Cultural Review, 12(1), 78–85.

Gurung, R. (2020). *Local Government and Cultural Promotion in Federal Nepal*. Journal of Public Policy, 6(2), 45–59.

Koirala, P. (2018). *Youth and Cultural Awareness in Nepalese School Curriculum*. Kathmandu: Curriculum Development Centre.

Ministry of Culture, Nepal. (2010). National Cultural Policy. https://mocit.gov.np

Thapa, A. (2017). *Social Media and Youth Cultural Identity in Nepal*. Media and Society Journal, Vol. 4, pp. 22–34.

UNESCO (2009). Investing in Cultural Diversity and Intercultural Dialogue. https://unesdoc.unesco.org/ark:/48223/pf0000184755

# अनुसूचीहरू

## प्रश्नावली

अनुसन्धान कार्यक्रममा सहभागी युवा/समुह को विवरण

नामः

उमेरः लिंगः पुरुष/महिला

समूहको नामः जातीः

ठेगानाः

पेशाः

विधाः

मितिः

मोबाइल नंः

### अनुसन्धानका लागि प्रश्नावली

**आफुलाई उचित लागेको उत्तरमा ठीक चिन्ह लगाउनुहोस् (✓)।**
**(बहुविकल्पमा एकभन्दा बढी उत्तर पनि छनोट गर्न सकिने छ ।**

मौलिक सांस्कृतिक कार्यक्रममा युवा सहभागिताको अवस्था र रूची

१. मौलिक सांस्कृतिक कार्यक्रममा युवाको सहभागिताका बारेमाः

१.१ तपाईले पछिल्लो १ वर्षमा मौलिक सांस्कृतिक कार्यक्रममा कति पटक सहभागी हुनुभएको छ ?

☐ भएको छैन

☐ १–२ पटक

☐ ३–५ पटक

☐ ६ भन्दा धेरै पटक



सांस्कृतिक संस्थान २०२२

१.२ तपाईं मौलिक सांस्कृतिक कार्यक्रममा सक्रिय रूपमा सहभागी हुन कति इच्छुक हुनुहुन्छ, हो ?

☐ बिल्कुल असहमत

☐ असहमत

☐ तटस्थ

☐ सहमत

☐ पूर्ण सहमत

१.३ तपाईंको दृष्टिमा सांस्कृतिक कार्यक्रममा युवाहरूको सहभागिता बढाउन के गर्नुपर्ला ?

क)

ख)

ग)

घ)

ङ)

संस्कृतिको संरक्षण र प्रवर्धनमा युवाको योगदान र भूमिका

२) संस्कृतिको संरक्षण तथा प्रवर्धनमा युवाले पुर्याएको योगदानका बारेमाः

२.१ तपाईंले पछिल्लो एक वर्षमा संस्कृतिको संरक्षण सम्बन्धी काम कुन रूपमा गर्नुभएको छ?

☐ स्वयंसेवकको रूपमा

☐ कार्यक्रमको आफै आयोजना गरेर

☐ सामाजिक सञ्जालमार्फत प्रचार गरेर

☐ सांस्कृतिक सामाग्री निर्माणमा संलग्न भएर

☐ होइन, कुनै योगदान गर्न पाएको छैन

☐ अथवा अन्य कुनै भए लेख्नुहोस्.........................

२.२ तपाईंको विचारमा युवाहरूले संस्कृतिको संरक्षण तथा प्रवर्धनमा प्रभावकारी भूमिका खेलेका छन् । तपाईलाई के लाग्छ ?

☐ बिल्कुल असहमत



सांस्कृतिक संस्थान २०२१

☐ असहमत

☐ तटस्थ

☐ सहमत

☐ पूर्ण सहमत

२.३ तपाईंले संस्कृतिको संरक्षणको क्षेत्रमा गरेका कुनैपनि योगदानको संक्षिप्त विवरण दिनुहोस्।

क)

ख)

ग)

घ)

ङ)

सांस्कृतिक कार्यक्रममा युवा सहभागिताका लागि प्रेरक तथा अवरोधक तत्वहरू

३) सांस्कृतिक कार्यक्रमहरूमा युवाहरूको सहभागितालाई प्रभावपार्ने तत्वहरूका बारेमा:

३.१ तपाईंलाई सांस्कृतिक कार्यक्रममा सहभागी हुन प्रेरित गर्ने मुख्य कारणहरू के के हुन् ?

☐ संस्कृतिप्रति व्यक्तिगत रूची

☐ परिवार, समाज तथा साथीहरूको प्रेरणा

☐ सामुदायिक पहिचान प्रतिको सम्भावना

☐ सामाजिक संजाल वा मिडियाको प्रभाव

☐ सम्मान वा पुरस्कार प्राप्त हुने सम्भावना

☐ आर्थिक उपार्जन

☐ अन्य: ..........................................

३.२ युवाहरूलाई सांस्कृतिक कार्यक्रममा सहभागीता हुन प्रभाव पार्ने कारक तत्वहरू (अवरोधहरू) के के हुन् ?

क) आर्थिक अवस्थाको कमी



सांस्कृतिक संस्थान २०२२

ख) समय अभाव

ग) पारिवारिक तथा सामाजिक सहयोग नहुनु

घ) मिडिया तथा सामाजिक सञ्जालबाट सकारात्मक सहयोग नपाउनु

ङ) सस्कृति सम्बन्धी पर्याप्त ज्ञानको कमी

च)अन्य भए लेखुहोस् ......................................

३.३ सांस्कृतिक कार्यक्रममा सहभागीता हुन तपाईले देखु भएका मुख्य अवरोधहरू के हुन् ?

क)

ख)

ग)

घ)

ङ)

च)

छ)

मौलिक संस्कृतिमा युवा आकर्षणका लागि आवश्यक नीति तथा कार्यक्रमहरू"

४) मौलिक सांस्कृतिक प्रति युवाहरूलाई आकर्षित गर्न अवलम्बन गर्नुपर्ने नीति तथा कार्यक्रमहरू:

४.१ तपाईंको विचारमा संकृतिको संरक्षणमा युवाहरूलाई आकर्षित गर्न सबैभन्दा प्रभावकारी उपाय कुन हो ?

☐ शैक्षिक पाठ्यक्रममा सांस्कृतिक विषय समावेश

☐ आर्थिक सहयोग वा छात्रवृत्ति प्रदान

☐ सामाजिक सञ्जाल मार्फत प्रचार/प्रसार

☐ स्थानीय सरकारद्वारा संस्कृति सम्बन्धी पर्याप्त कार्यक्रमहरूको आयोजना

☐ आवश्यक प्रशिक्षणको व्यवस्था

☐ अन्य भए लेखुहोस्

४.२ संस्थागत कार्यक्रमहरूले युवालाई मौलिक संस्कृति तर्फ आकर्षित गर्न सफल भएका छन्, छान्नुहोस् ।



सांस्कृतिक संस्था २०२२

☐ बिल्कुल असहमत

☐ असहमत

☐ तटस्थ

☐ सहमत

☐ पूर्ण सहमत

४.३ तपाईंको सुझावमा युवाहरूलाई यस क्षेत्रमा सहभागी गरौं सरकार वा संस्थाहरूले के कस्तो नीति वा कार्यक्रम ल्याउनु उपयुक्त हुन्छ ?

क)

ख)

ग)

घ)

ङ)

च)

छ)

ज)

झ)

संस्कृतिमा आधारित उद्यमशीलता प्रवर्धनमा युवाको सम्भावित योगदान

५) संस्कृतिको संरक्षण र सम्बर्धन मार्फत उद्यमशीलता प्रवर्धनमा योगदान भए नभएको बारेः

५.१ तपाईंको समुदायमा संस्कृतिसँग सम्बन्धित के कस्ता उद्यमहरू विकास भएका छन् ?

क)

ख)

ग)

घ)

ङ)

च)

५.२ संस्कृतिको संरक्षणले युवा उद्यमशीलताको अवसर बढाउँछ । तपाईलाई के लाग्छ ?

☐ बिल्कुल असहमत

☐ असहमत

☐ तटस्थ

☐ सहमत

☐ पूर्ण सहमत

५.३ तपाईंको विचारमा संस्कृतिमा आधारित उद्यमशिलता विकास गर्न के गर्न सकिन्छ ?

क)

ख)

ग)

घ)

ङ)

च)

छ)

सहभागीताको निम्ति धन्यवाद ! तपाईको सांगीतिक जीवन सफल रहोस् ।

हस्ताक्षर

हस्ताक्षर

सहभागी व्यक्ति / समुह

अनुसन्धानकर्ता



सांस्कृतिक संस्थान २०२२

**अनुसन्धानमा सहभागी १६ देखि ४० वर्ष विचका युवायुवतीहरूको विवरण**

| क्र.सं. | सहभागीहरू (संकेत नं.) | लिङ्ग | जातजाती | जिल्ला | विधा वा विषय |
|---|---|---|---|---|---|
| १. | ००१ | पुरूष | जनजाती | काठमाडौं | थँबहि ल्याय्म्ह पुचः मचा ववः |
| २. | ००२ | महिला | जनजाती | काठमाडौं | लोक संस्कृति |
| ३. | ००३ | पुरूष | ब्राह्मण | स्याङ्जा | लोकगीत रचनाकार |
| ४. | ००४ | पुरूष | दलित | बर्दिया | लोक |
| ५. | ००५ | पुरूष | ब्राह्मण | बर्दिया | लोक नृत्य |
| ६. | ००६ | पुरूष | ब्राह्मण | इलाम | लोक संगीत संयोजन |
| ७. | ००७ | पुरूष | जनजाती | काठमाडौं | लोक भजन |
| ८. | ००८ | पुरूष | जनजाती | गोरखा | बाँसुरी वादन/निर्माण |
| ९. | ००९ | पुरूष | जनजाती | गोरखा | वाद्यवादन/धिमे |
| १०. | ००१० | महिला | जनजाती | पाँचथर | नृत्य ( राउटे ) |
| ११. | ००११ | पुरूष | ब्राह्मण | गुल्मी | रंगदर्पण समुह |
| १२. | ००१२ | पुरूष | जनजाती | रोल्पा | नृत्य ( लोक ) |
| १३. | ००१३ | पुरूष | जनजाती | ललितपुर | पालम गायन |
| १४. | ००१४ | पुरूष | मधेशी | धनुषा | नेवारी नृत्य(माक्स ) |
| १५. | ००१५ | पुरूष | जनजाती | काठमाडौं | नृत्य(राजवंशी समुदाय |
| १६. | ००१६ | महिला | जनजाती | कैलाली | लोकगायन ( थारु समुदाय) |

| | | | | | |
|---|---|---|---|---|---|
| १७. | ००१७ | महिला | दलित | तनहुँ | मौलिक गायन/वाद्यवादन(नेवारी) |
| १८. | ००१८ | पुरूष | जनजाती | सुर्खेत | मादल वादन |
| १९. | ००१९ | महिला | जनजाती | काठमाडौं | लोक दोहोरी गायन |
| २०. | ००२० | महिला | जनजाती | भक्तपुर | चर्या नृत्य ( उपत्यका ) |
| २१. | ००२१ | महिला | ब्राह्मण | गुल्मी | सारङ्गी वादन  महिला ) |
| २२. | ००२२ | महिला | ब्राह्मण | काठमाडौं | सांस्कृतिक क्षेत्रभन्दा बाहिरवाट |
| २३. | ००२३ | महिला | ब्राह्मण | काठमाडौं | सांस्कृतिक क्षेत्रभन्दा बाहिरवाट |

सहभागीहरूको जनजातीगत विवरण

| **सहभागी विवरण** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| जनजाती | १३ | ५६.५३ |
| ब्राह्मण | ७ | ३०.४४ |
| दलित | २ | ८.६९ |
| मधेशी | १ | ४.३४ |
| **जम्मा** | २३ | १०० |

सहभागीहरूको लैङ्गिक विवरण

| **सहभागी विवरण** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| महिला | ९ | ३९.१४ |
| पुरूष | १४ | ६०.८६ |
| **जम्मा** | २३ | १०० |

# हार्दिक कृतज्ञता

वि.सं. २०१६ सालमा स्थापित 'राष्ट्रिय नाचघरलाई समग्र नेपाली संस्कृतिको संस्थागत विकासका लागि सञ्चार संस्थान ऐन, २०२८ अनुसार वि.सं २०२९ साल असार ५ गते नाम परिमार्जन सहित "सांस्कृतिक संस्थान" को रूपमा पुनर्गठन भएको हो । सांस्कृतिक संस्थान नेपालको पहिचानयुक्त सिर्जनशील कला सजीव रूपमा प्रदर्शनी गर्ने अभिभारा बोकेको संस्कृति सम्बन्धी नेपाल सरकारको एकमात्र ज्येष्ठ निकाय हो। नेपाल सरकारको पूर्ण स्वामित्व रहेको सांस्कृतिक संस्थानले स्थापनाकालदेखि संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणका लागि नेपाल सरकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका राष्ट्रको पहिचान झल्किने लोकसंस्कृति सम्बन्धी कार्यक्रमहरू राज्यका महत्त्वपूर्ण कार्यक्रम, सभा, समारोह, पर्व एवम् अन्य विशेष अवसरमा प्रदर्शन गर्दै गौरवमय ईतिहास कायम राखेको छ। सांस्कृतिक संस्थानको प्रमुख उद्देश्य सांस्कृतिक नवजागरण गराई सांस्कृतिक कार्यक्रम प्रस्तुत गरी सर्वसाधारणलाई स्वस्थ मनोरञ्जन उपलब्ध गराउनुका साथै नेपालको पहिचानयुक्त सजीव लोकसंस्कृतिलाई प्रस्तुतिका माध्यमबाट संस्थागत रूपमा संरक्षण तथा प्रवर्द्धन गरी नयाँ सभ्य संस्कृति निर्माण गर्नु हो ।

सांस्कृतिक संस्थानले माथि उल्लेखित कामका अलावा नेपालका विभिन्न जातजाति र समुदाय स्तरमा रहेका परमपरागत तथा ऐतिहासिक लोक कला र संस्कृतिको अनुसन्धान गर्दै ती संस्कृतिहरुलाई प्रयोगात्मक रुपमा ग्रहण गरि देश तथा विदेशमा सरकारी वा गैर सरकारी निकायहरुवाट आयोजना गरिने विभिन्न सभा तथा समारोहहरुमा प्रस्तुत गर्दै नेपाली कला र संस्कृतिको संरक्षण गर्दै आईरहेको छ।

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयले नेपालमै रहेर संस्कृतिको क्षेत्रमा काम गर्दै आईरहेका १६ देखि ४० वर्ष विचका युवाहरुको विचमा रहेर अनुसन्धान गर्ने गरि **सांस्कृतिक कार्यक्रममा युवाहरुको सहभागिता अनुसन्धान** विषयमा अनुसन्धान गरि आवस्यक विवरण प्राप्त गर्ने उद्देश्यले सांस्कृतिक संस्थानलाई जिम्मेवारी प्रदान गर्नु भएकोमा युवा तथा खेलकुद मन्त्रालय प्रति हार्दिक आभार सहित हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु। यस जिम्मेवारीलाई सांस्कृतिक संस्थानले एक महत्वपुर्ण अवसरको रुपमा लिई अत्यन्त सुक्ष्म ढंगवाट काम सम्पन्न गरेको जानकारी गराउन

सांस्कृतिक संस्थान २०२९

चाहन्छु। यस कार्यलाई मात्र औपचारीकताको रुपमा नलिई कार्य सम्पन्न पश्चात बन्ने अनुसन्धानात्मक दस्तावेजले नेपालमा सांस्कृतिक कार्यक्रममा युवाहरुको सहभागितालाई एकिन गर्ने र सो क्रममा लोक संस्कृतिका विभिन्न बिधावाट प्रतिनिधि मुलक रुपमा गराईएका सहभागिहरुबाट आएका विचार तथा सल्लाह सुझाबहरुबाट आगामी दिनमा समेत महत्वपुर्ण मार्गदर्शन गर्ने हुनाले यो दस्तावेजिकरण आगामी दिनहरुमा अझ प्रभावकारी र महत्वपुर्ण बन्नेमा दुईमत छैन। यस क्षेत्रमा युवाहरुको सहभागिता बृद्धि गर्नको निम्ति युवाहरुको हकहितको क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी निकायहरुवाट आवश्यक उचित श्रोत तथा साधनको विनियोजनमा अझ बृद्धि गरि विभिन्न कार्यक्रमहरु ल्याई युवाहरुलाई सहभागि गराउदै अंगाडि बढेको खण्डमा नेपाली संस्कृतिको जगेर्ना संगै यस क्षेत्रमा युवाहरुको आकर्षण समेत बढ्ने देखिन्छ।

अन्त्यमा यस महत्वपुर्ण कार्यको निम्ति सांस्कृतिक संस्थानलाई जिम्मेवारी प्रदान गरेकोमा युवा तथा खेलकुद मन्त्रालय प्रति सांस्कृतिक संस्थान परिवार हार्दिक आभार सहित हार्दिक कृतज्ञता प्रकट गर्दछ। साथै सांस्कृतिक संस्थानको आग्रहलाई स्विकार गर्दै यस अनुसन्धान कार्यमा सहभागि भई अमुल्य सहयोग गर्नुहुने युवायुवतीहरु सहित यस कार्यमा आफ्नो महत्वपुर्ण सहयोग सहित योगदान दिनुहुने सबैमा हार्दिक धन्यवाद समेत व्यक्त गर्न चाहन्छु। आगामि दिनहरुमा पनि यस किसिमका अनुसन्धानात्मक कार्यक्रमको साथमा नेपाली मौलिक संस्कृतिको प्रदर्शनको निम्ति समेत युवा तथा खेलकुद मन्त्रालय संग सधैव सहकार्य गर्दै अंगि बढ्न तयार रहेको समेत जानकारी गराउन चाहन्छु।

धन्यवाद!

..............................

किरणबाबु पुन

(महाप्रवन्धक)

सांस्कृतिक संस्थान